मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : १५८ ★ ने. सं. ११४६ तछला थ्व, पूर्णिमा ★ मङ्गलबार ★ १६ असार, २०८३ ★ June 30, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



ल्याटिन अमेरिकी देश भेनेजुयलामा महाभूकम्पका पीडितहरूको उद्धारकार्यमा सहायता गर्न भेनेजुयला पुगेको क्युवाली उद्धारकर्मीहरूको पहिलो टोली । टोलीले भेनेजुयाली उद्धारकर्मीहरूसँगै मिलेर सयौँ जनाको उद्धार गरिसकेको छ । क्युवाली सरकारले एउटा ठुलो चिकित्सा टोली भेनेजुयला पठाउने तयारी गरिसकेको बताइएको छ ।
*तस्बिर : टेलिसुर/भेनेजुयलास्थित क्युवाली दूतावास*

# आ.व. २०८३/८४ का लागि भक्तपुर नपाको बजेट सर्वसम्मतिबाट पारित



भक्तपुर, १५ असार । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको २० औं नगरसभाको बैठकले आर्थिक विधेयक २०८३, विनियोजन विधेयकसहित आ.व. २०८३/८४ का लागि भक्तपुर नगरपालिकाको बजेट सर्वसम्मतिले पारित गऱ्यो ।

उपप्रमुख रजनी जोशीले असार १० गते नगरपालिकाको लागि भक्तपुर नगरपालिकाको रु. २ अर्ब ५५ करोडको बजेट प्रस्तुत गर्नुभएको थियो ।

सभामार्फत नगर प्रमुख सुनिल प्रजापतिले आर्थिक वर्ष २०८३/८४ को बजेटमाथि भएको छलफलमा सक्रिय सहभागिता जनाई रचनात्मक सुझाव, जिज्ञासा तथा समर्थनमार्फत महत्त्वपूर्ण सहयोग पुऱ्याउनुभएका सम्पूर्ण सभासद्हरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

बजेटमाथिको छलफलमा उठेका जिज्ञासाको जवाफ दिँदै उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले आदर निकेतन न्यून शुल्कमा सञ्चालन गर्ने तयारी गरेको बताउनुभयो । उहाँले राजस्व सङ्कलनलाई थप प्रभावकारी बनाउन विशेष ध्यान दिनुपर्ने, जनताबाट प्राप्त गुनासा र सुझावलाई सम्बोधन गर्दै बजेट तर्जुमा गरिएको तथा सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान क्रमशः घट्दै गइरहेको उल्लेख गर्नुभयो ।

उहाँले नागरिकलाई करसम्बन्धी सचेतना अभिवृद्धि गर्न आवश्यक रहेको र अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री वितरण कार्यक्रमअन्तर्गत झुल वितरण गरिएको जानकारी सभासमक्ष गराउनुभयो ।

सोमबारको सभामा भक्तपुर नगरपालिकाको आ.व. २०८३/८४ को खरिद योजना, न्यायिक समितिको प्रतिवेदन र बेरुजु फछ्र्यौटसम्बन्धी प्रस्ताव पेस गरिएको थियो । सोही सभाबाट 'भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५' मा तेस्रो संशोधन विधेयक २०८३ पारित भयो ।

'भक्तपुर नगरपालिका, शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५ (तेस्रो संशोधन विधेयक, २०८३)' अनुसार भक्तपुर नगरपालिकाभित्र स्थायी बसोबास गर्ने जेहनदार तथा विपन्न विद्यार्थीलाई दिइने शैक्षिक ऋणको सीमा रु. ५ लाखबाट बढाएर रु. ७ लाख पुऱ्याउने र शैक्षिक ऋणको वार्षिक ब्याजदर ६ प्रतिशतबाट घटाएर ४ प्रतिशत कायम गर्ने व्यवस्था रहेको छ ।

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ४०

**के.एम.सी. अस्पताल सिनामङ्गलका डा. विनिता प्रधानको कागज व्यहोरा**

भदौ २३ गते करिब १३.४५ बजे हाम्रो अस्पतालमा घाइतेहरू ल्याउने क्रम सुरु भयो । हामीले इमर्जेन्सी विभागको सबै १५ वटा बेडलाई Red Area मा परिणत गरी घाइतेहरूको उपचार गऱ्यौं । डाइरेक्टर मीना थापाको को-अर्डिनेसनमा सर्जिकल, अर्थोपेडिक, एनेस्थेसिया, नर्सिङ टीमलगायतका युनिटलाई संलग्न गराई सो दिनको उपचार अगाडि बढाइएको थियो । अरु बेलाको आन्दोलनमा हातखुट्टामा चोट लागेका घाइतेहरू आउँथे तर उक्त दिन छाति र टाउकोमा गोली लागेका घाइतेहरू आए । ४/५ जना घाइतेमध्ये एक जनाको मृत्यु भयो भने अर्का एक जनालाई आईसीयू अपरेसनमा सिफ्ट गरियो ।

२३ गते ३७ जना घाइतेलाई रिसिभ गरिएको थियो । सोमध्ये २ जनाको (सौरभकृष्ण श्रेष्ठ र सुवास बोहोरा) सोही दिन मृत्यु भयो । भोलिपल्ट २४ गते छाति र टाउकोमा चोट लागेका घाइतेहरू देखिएनन् । पेटतिर छर्रा लागेका र Burn केसहरू आएका थिए । भदौ २३ र २४ गते जम्मा ८३ जना घाइते हाम्रो अस्पतालमा रिसिभ भएका थिए । सबै घाइतेको उपचार निःशुल्क गरियो ।

हामीले उपचार खर्चको सम्पूर्ण बिल स्वास्थ्य मन्त्रालय तथा नगरपालिकामा पेस गरेका छौँ । हालसम्म रकम प्राप्त भएको छैन । भदौ २३ गते डाक्टरहरूलाई रिसिभ गर्न अस्पतालबाट गएको एउटा एम्बुलेन्सलाई प्रदर्शनकारीले इमाडोलमा तोडफोड गरे । राज्यले डिजास्टरको बेला अस्पतालहरूलाई सर्कुलर गरी तयारी अवस्थामा राख्नुपर्छ । खर्चको अभावमा घाइतेहरूलाई मृत्युको मुखमा जान नदिन उपचार खर्चको ग्यारेन्टी गर्न सक्नुपर्दछ ।

अस्पतालमा पूर्वमन्त्री मो. आफताव आलमको उपचार गरिएको थियो । यसकारण, प्रदर्शनकारीहरूले अस्पताललाई समेत त्वचनभत गरेर "आलमलाई बाहिर निकाल्नुहोस्, नत्र ठीक हुँदैन" भनी धम्क्याएका थिए ।

**सिभिल अस्पताल नयाँ वानेश्वरका डा. रमेश पन्तको कागज व्यहोरा**

भदौ २३ गते दिनको करिब १२.१५ बजेबाट घाइतेहरू आउन थाले । घाइतेको चापले Green जोन Yellow मा र Yellow जोन Red मा परिणत भयो । हाम्रो अस्पतालमा Neuro Surgery को उपचार नहुने भएको हुँदा त्यस्ता बिरामीलाई राष्ट्रिय ट्रमा सेन्टर र टिचिङ अस्पताल रेफर गरियो । रेफर गरिएका बिरामीलाई एम्बुलेन्समा राखी मुभ गर्न धेरै बाधा भयो भने एम्बुलेन्स तोडफोड गरिएको अवस्थामा फिर्ता भयो । अस्पतालमा लजिस्टिक सामानहरूको अभाव भयो । अस्पताल बाहिर आगो लागिरहेकोले अस्पतालमै तोडफोड वा आगजनी हुने त्रास थियो ।

यसअघिका आन्दोलनहरूमा लाठी लागेका, लडेका, हात-खुट्टा मर्केका, भाँच्चिएका घाइतेहरू आउने गरेका थिए । उक्त दिन अधिकांश गोली लागेका घाइते रिसिभ भए । भदौ २३ गते २५२ जना घाइते उपचारको लागि आएकामा तीन जनाको मृत्यु भयो ।

भदौ २४ गते दिनको १२.३० देखि गोली लागेका प्रदर्शनकारी र बर्दीमा रहेका घाइते प्रहरीहरू ल्याइयो । प्रदर्शनकारी र प्रहरीलाई एकै ठाउँमा राखेर उपचार गर्दा थ्रेट हुने अवस्था रहेकोले प्रहरीको बर्दी खोली अलग्गै वार्डमा सिफ्ट गरियो । भदौ २४ गते २१० जना घाइते उपचारको लागि आएकामा तीन जनाको मृत्यु भयो । ४६२ घाइतेमध्ये ५० जनाको अपरेसन गरियो भने करिब ४०/४२ जनालाई ट्रमा, टिचिङ र पाटन अस्पतालमा रेफर गरियो । केही घाइते सामान्य उपचारपश्चात् तुरुन्तै बाहिर गएर प्रदर्शनमा सहभागी भए ।

**प्रत्यक्षदर्शी सुवास खत्रीको कागज व्यहोरा**

२०८२/०५/२४ गते बिहानदेखि प्रहरी कार्यालय, अन्य सरकारी कार्यालय, सङ्घीय संसद् भवन, उच्चतहका व्यक्तिको निजी निवासहरूमासमेत तोडफोड तथा आगजनी भइरहेको थियो । गौशाला प्रहरी कार्यालयमा तोडफोड भइरहेको सुनी म र उमेश महत हेर्न गयौँ । हामी गौशाला प्रहरी कार्यालयको ठीकबिपरीतको बस काउन्टरमा थियौँ । त्यतिबेला एकजना व्यक्तिलाई गोली लागिसकेको थियो । लगभग १/२ बजे प्रदर्शनकारीहरूले ढुङ्गामुढा,

*बाँकी पृष्ठ ८ मा*

## व्यङ्ग्यचित्र कुनो




# भेनेजुयलालाई १० करोड युआन बराबरको चीनको राहत सहायता

पेइचिङ, १५ असार (एएफपी) । शक्तिशाली भूकम्पबाट ठुलो मानवीय क्षति व्यहोरेको भेनेजुयलाका लागि चीनले १० करोड युआन ( करिब एक करोड ४७ लाख अमेरिकी डलर) बराबरको आपत्कालीन राहत सहायता उपलब्ध गराउने घोषणा गरेको छ । दुईवटा शक्तिशाली भूकम्पका कारण एक हजार ४५० भन्दा बढी मानिसको ज्यान गएपछि पेइचिङले राहत र पुनर्निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएको हो ।

चीनको विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले पत्रकार सम्मेलनमा चीन सरकारले भेनेजुयलालाई निःशुल्क आपत्कालीन राहत सामग्री उपलब्ध गराउने जानकारी दिनुभयो । उहाँका अनुसार उक्त सहायता भूकम्प प्रभावित क्षेत्रमा राहत वितरण, उद्धार कार्य तथा पुनर्निर्माण अभियानलाई सहयोग गर्न प्रयोग गरिनेछ ।

गुओले राहत सामग्री सकेसम्म छिटो भेनेजुयला पठाइने बताउँदै प्रभावित क्षेत्रको अवस्थाबारे जानकारी लिन र उद्धार कार्यलाई सहयोग पुऱ्याउन चीनले स्याटेलाइट तस्बिरसमेत उपलब्ध गराइरहेको जानकारी दिनुभयो । उहाँले परिस्थितिअनुसार आगामी दिनमा पनि भेनेजुयलालाई थप सहयोग गर्न चीन तयार रहेको उल्लेख गर्नुभयो ।

यसअघि चिनियाँ राष्ट्रपति सी चिनफिङले भेनेजुयलाकी अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजलाई शोक सन्देश पठाउँदै विपद्बाट प्रभावित जनताप्रति समवेदना व्यक्त गर्नुभएको थियो । उहाँले चीनले राहत, पुनःस्थापना र पुनर्निर्माणका कार्यमा आवश्यक सहयोग जारी राख्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

यसैबिच, भूकम्पका कारण आठ जना चिनियाँ नागरिकको मृत्यु भएको पुष्टि भएको छ भने एक जना अझै बेपत्ता रहेको चिनियाँ सरकारी सञ्चारमाध्यमहरूले जनाएका छन् । उद्धार टोलीहरू अझै प्रभावित क्षेत्रमा खोज तथा राहत कार्यमा खटिएका छन् ।

# राष्ट्रिय धान दिवस : 'ड्रोन' मार्फत मल छरेर 'मेसिन' मार्फत रोपियो धान



पाटन (ललितपुर), १५ असार । 'ड्रोन' मार्फत मल छरेर 'मेसिन' मार्फत धान रोप्दै राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०८३ मनाइएको छ ।

'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' भन्ने नाराका साथ राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र र बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रद्वारा सोमबार ललितपुरको खुमलटारमा आयोजित २३ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०८३ मा प्रतिनिधिसभा, कृषि तथा प्राकृतिक स्रोत समितिका संयोजक अशोककुमार चौधरीले धान रोप्ने खेतमा मल छर्नका लागि ड्रोन उठाएर महोत्सवको शुभारम्भ गर्नुभएको हो ।

सो अवसरमा उहाँले खाद्यान्नमा देशलाई आत्मनिर्भर बनाउन वर्तमान सरकार अगाडि बढिरहेको छ भन्ने धारणा राख्नुभएको छ । "आज कृषि पेसा र किसानको सम्मान गर्ने दिन हो, उत्पादनविना देश, बजार र अर्थतन्त्र चल्न सक्दैन, किसानको वास्तविक समस्या पहिचान गरेर समाधान गर्न ध्यान दिनुपर्छ, नेपाललाई आवश्यक धानको परिपूर्तिका लागि नेपाल सरकारले किसानलाई उत्पादनको उचित समर्थन मूल्य, पर्याप्त सिँचाइ व्यवस्था, आवश्यक प्रविधिको विकासमा ध्यान दिनुपर्ने छ, कृषि बीमा, राहतको विषयमा सरकारले काम गरिरहेको जानकारी छ, युवालाई कृषिमा आकर्षित गर्न ध्यान दिएका छौं, कृषकको मेहनत र पसिनाको योगदानलाई सम्मान गर्नुपर्छ," उहाँले भन्नुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. देवेन्द्र गौचनले नीतिगत व्यवस्थामा राम्रो भएको भए पनि संरचनागत सुधारमा जोड दिनुपर्ने धारणा राख्दै किसान र कृषि अनुसन्धान परिषद्बिचको समन्वय र सम्पर्कलाई जोड दिँदै जलवायु अनुकूलन पोषणयुक्त धानको उत्पादनका लागि ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले अन्तर्राष्ट्रियस्तरमा पोषणयुक्त चिउराको माग बढ्दै गएकाले यसका लागि राज्य र निजी क्षेत्र मिलेर नवप्रवर्तनको माध्यमबाट अगाडि बढ्नुपर्नेमा ध्यान दिन आग्रह गर्नुभयो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डाक्टर राजेन्द्रप्रसाद मिश्रले सहरीकरण र 'प्लटिङ' का कारण घट्दै गएको खेतीयोग्य जमिनका कारण धानको उत्पादनमा ह्रास आउने अवस्था रहेको भन्दै धानको औषध उत्पादकत्व अभिवृद्धि, दुई चरणमा उत्पादन, सिँचाइको प्रवर्द्धन र यान्त्रिकीकरणको उपयोगबाट जनशक्ति लागतको न्यूनीकरण गरेर उत्पादकत्व अभिवृद्धि गर्दै सहज आपूर्ति शृङ्खलामा योगदान पुऱ्याउन लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले धानको आयात प्रतिस्थापन गरी निर्यात गर्नका लागि प्रेरित गर्न सरकारले जोड दिएको जानकारी गराउँदै सरकारले समयमै समर्थन मूल्य तोकेर किसानलाई सहज बनाउन ध्यान दिएको, धानको जातको विकासका लागि अनुसन्धानमा लगानी बढाउन जोड दिएको, सिँचाइको विस्तारमा ध्यान दिएको, खाद्य सुरक्षामा 'मिसन' बनाएर चैते धान प्रवर्द्धनमा जोड दिएको बताउनुभयो ।

कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले कृषि विभागले किसान र सिँचाइका समस्या समाधानका लागि ध्यान दिएको जानकारी गराउँदै धानको न्यूनतम समर्थन मूल्य र नीतिगत व्यवस्थाका लागि ध्यान दिएर काम गरिरहेको जानकारी गराउनुभयो ।

नेपाल कृषि अनुसन्धान परिषद्का कायममुकायम निर्देशक डाक्टर श्रीमत श्रेष्ठले सहरीकरणको कारणले कृषि भूमिको सङ्कुचन हुँदै गएको अवस्थामा उन्नत जातको धानको बीउ उत्पादन गरेर जनतालाई समृद्ध बनाउन कृषि अनुसन्धान परिषद्ले ध्यान दिएको जानकारी गराउनुभयो । उहाँले खडेरी र डुबान प्रतिरोधी जातको धानको बीउको विकासका लागि परिषद्ले काम गरिरहेको जानकारी गराउँदै उन्नत प्रविधिको विकास गर्नका लागि बजेट अभाव भएको गुनासो गर्नुभयो ।

धानको अनुसन्धान र विकासमा सक्रिय संस्था इरीका नेपाल र बङ्गलादेशका लागि अन्तर्राष्ट्रिय संयोजक डाक्टर होमनाथ भण्डारीले अनुसन्धान र नवप्रवर्द्धनमा उत्पादकत्व अभिवृद्धि गर्ने, न्यून जनशक्तिको उपयोगमा बढी उत्पादन गर्ने, क्षमता अभिवृद्धि र न्यून कार्बन रहेको खाद्य पदार्थ उत्पादनका लागि जिनको प्रविधि विकास गर्नेतिर ध्यान दिएको बताउनुभयो । उहाँले अहिले सबैतिर एआई प्रविधिको उपयोग बढेको बताउँदै यसको प्रयोगमा उत्पादकत्व वृद्धि धान उत्पादन प्रणालीमा ध्यान दिएको जानकारी गराउनुभयो ।

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका प्रमुख केशव देवकोटाले 'धान, चामलमा आत्मनिर्भरता : वर्तमान अवस्था, समस्या एवं चुनौती र भावी कार्यदिशा' विषयक प्रस्तुतीकरण गर्दै वार्षिक दुई खर्च दुई अर्बको धान उत्पादन हुने गरेको जानकारी गराउँदै राष्ट्रिय जिडिपीमा धानको योगदान चार प्रतिशत रहेको जानकारी गराउनुभयो । परिषद्ले १४० जातका धानका बीउ उत्पादन भएको जानकारी गराउँदै यहाँबाट सिँचाइ तथा उत्पादनमा सहयोग पुऱ्याउने गरी काम भइरहेको उहाँले बताउनुभयो ।

नेपाल कृषि अनुसन्धान परिषद्को बाली तथा बागवानी निर्देशक डाक्टर टेक गोतामेले नेपाल कृषि अनुसन्धान परिषद्ले आयात प्रतिस्थापन गर्नका लागि योजना तर्जुमा र कार्यक्रम सञ्चालनमा जोड दिँदै जलवायुमैत्री रोग प्रतिरोधात्मक बीउको विकासका लागि क्रियाशील रहेको बताउनुभयो ।

कार्यक्रममा उत्कृष्ट चैते धान उत्पादक, रैथाने धानको संरक्षण र प्रवर्द्धन गर्ने संस्था, धानबालीको जातीय प्रवर्द्धनमा योगदान गर्ने वैज्ञानिक, धानको मूल्य शृङ्खलामा काम गर्ने मिल, धानको मूल्य शृङ्खलामा काम गर्ने जोन, सामुदायिक धान नर्सरी र उत्कृष्ट कृषि पत्रकारलाई सम्मान गरिएको थियो । **रासस**

# ८९ अङ्कसहित भरतपुर अस्पताल उत्कृष्ट ठहर




चितवन, १५ असार । भरतपुर अस्पताल न्यूनतम सेवा मापदण्ड (एमएसएस) मा उत्कृष्ट भएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले गरेको अनुगमन तथा मूल्याङ्कनमा भरतपुर अस्पताल देशकै सङ्घीय अस्पतालमध्ये ८९ अङ्कसहित उत्कृष्ट बनेको हो ।

अस्पतालले ८९ अङ्क प्राप्त गर्दै उत्कृष्ट बन्न सफल भएको हो । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान ७७ अङ्कसहित दोस्रो, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ७१ अङ्कसहित तेस्रो भएका छन् भने पाटन अस्पतालको मापन भइरहेको जनाइएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाका तर्फबाट संयोजक डा. श्रीराम तिवारीले भरतपुर अस्पताल देशभरका १४ वटा सङ्घीय अस्पतालमा सेवा प्रवाहमा राम्रो रहेको बताउनुभयो । मन्त्रालयले अस्पतालको सेवा गुणस्तर मापनका लागि एक हजार ४९७ विभिन्न सूचकहरू बनाएर परीक्षण गरेको हो । गत वर्ष अस्पतालले ८८ अङ्कसहित उत्कृष्ट बनेको थियो ।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. विश्वबन्धु बगालेले अघिल्लो आर्थिक वर्षभन्दा चालु आवमा अस्पतालले अझै राम्रो गरेको बताउनुभयो । बिरामीले पाउने सेवा सुविधा, अस्पतालमा उपलब्ध उपकरण, कामको तालिका, सरसफाइ, औषधि, जनशक्तिको अवस्था सबै कुरालाई अस्पतालले अद्यावधिक गरेको उहाँको भनाइ छ ।

कूल ६०० शय्याको भरतपुर अस्पतालमा दैनिक दुई हजार ५०० देखि तीन हजारसम्म बहिरङ्ग सेवामा बिरामी आउने गर्दछन् । अस्पतालले १४ वटा अतिविशिष्ट सेवा सञ्चालन गर्दै आएको छ । जिल्लाका निजी अस्पतालमा स्वास्थ्य बीमा बन्द भएपछि बीमाका बिरामीको चाप यहाँ बढेको छ ।

सूचक राम्रो देखिए पनि बिरामीको उच्च चाप र न्यूनतम स्रोतसाधनमा काम गर्नुपर्दा चाहेर पनि बिरामीको अपेक्षाअनुसार अझै सेवा दिन नसकिएको बगालेले बताउनुभयो । **रासस**

# चाँगुनारायणमा गुञ्जियो सय धिमे, सय नृत्य दुई सयभन्दा बढी कलाकारको सांस्कृतिक प्रस्तुति

भक्तपुर, असार १५ । नेपालको इतिहास, संस्कृति, कला, सभ्यता र सम्पदाको अनुपम केन्द्र तथा विश्व सम्पदा सूचीमा सूचिकृत चाँगुनारायणमा आइतबार "चाँगुनारायणको जयः, हामी सबैको साझा गन्तव्य" भन्ने मूल नारासहित सामूहिक धिमे नृत्य तथा बाजा प्रस्तुति-२०८३ सम्पन्न भएको छ ।

दर्पण नेपालको आयोजनामा तथा बाला इभेन्ट्सको संयोजनमा सम्पन्न कार्यक्रममा सय धिमे, सय नृत्य र दुई सयभन्दा बढी नृत्याङ्गनाहरूको सामूहिक प्रस्तुतिले चाँगुनारायण क्षेत्रलाई सांस्कृतिक उत्सवमय बनाएको थियो । परम्परागत धिमे बाजाको गुञ्जनसँगै नेवारी सांस्कृतिक नृत्यको अनुपम दृश्यले स्थानीयवासी, आन्तरिक तथा बाह्य पर्यटकलाई मन्त्रमुग्ध बनाएको थियो ।



कार्यक्रममा बागमती प्रदेश सरकारका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले विश्व सम्पदा क्षेत्र चाँगुनारायणलाई अन्तर्राष्ट्रिय पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले नेपालको मौलिक संस्कृति र परम्परागत धिमे बाजाजस्ता सम्पदालाई संरक्षण गर्दै नयाँ पुस्तासम्म हस्तान्तरण गर्नु आजको प्रमुख आवश्यकता भएको उल्लेख गर्नुभयो । यस्ता सांस्कृतिक अभियानले पर्यटन प्रवर्द्धनसँगै स्थानीय पहिचानलाई विश्वसामु स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ थियो ।

चाँगुनारायण नगरपालिकाका नगर प्रमुख जीवन खत्रीले नगरपालिकाले धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र पर्यटन पूर्वाधार विकासमा निरन्तर लगानी गरिरहेको जानकारी दिनुभयो । चाँगुनारायणभित्र रहेका सम्पदाहरूलाई उत्कृष्ट धार्मिक तथा सांस्कृतिक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यसहित विभिन्न योजना अघि बढाइएको उहाँले बताउनुभयो ।

बागमती प्रदेशका पर्यटन सचिव दीपेन्द्र सुवेदीले चाँगुनारायणजस्ता विश्व सम्पदा क्षेत्रको संरक्षणसँगै सांस्कृतिक गतिविधिको निरन्तरताले नेपालको पर्यटन क्षेत्रलाई नयाँ ऊर्जा प्रदान गर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा चाँगुनारायण नगरपालिका-४ का वडा अध्यक्ष रोजबहादुर तामाङले स्वागत मन्तव्य राख्दै स्थानीय समुदायको सक्रिय सहभागिताले मात्र सम्पदाको संरक्षण सम्भव हुने बताउनुभयो ।

कार्यक्रम व्यवस्थापक विजयराम वनमालाले कार्यक्रमको उद्देश्यबारे जानकारी दिँदै धिमे बाजा, नेवारी संस्कृति र मौलिक परम्परालाई पुस्तान्तरण गर्दै पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने लक्ष्यका साथ कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रमको सञ्चालन हरिसुन्दर छुकांले गर्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता दर्पण नेपालका अध्यक्ष चण्डिका लामिछानेले गर्नुभएको थियो ।

कार्यक्रममा चाँगुनारायण नगरपालिकाका जनप्रतिनिधि, विभिन्न धिमे खलः, दाफा खलः, भजन खलःका अग्रज तथा कलाकार, विभिन्न सङ्घ-संस्थाका प्रतिनिधि, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा स्थानीयवासीको उल्लेखनीय उपस्थिति थियो । उक्त ऐतिहासिक कार्यक्रमलाई बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालयको सहयोग तथा ताथली धिमे खलःको सहकार्य प्राप्त भएको थियो ।

कार्यक्रममा खगां दाफा भजन खलः, कार्यविनायक धिमे खलः, देवी सांस्कृतिक बाजा खलः, माझी भैरव सांस्कृतिक समूह, वनदेवी बाजा खलः, चम्पक धिमे खलः, सिमल्टार बाजा खलः र निओफ्युजन बाजा खलःले बाजा प्रस्तुति दिएका थिए । त्यसैगरी चाँगुनारायण विकास समिति, देवी माध्यमिक विद्यालय, एसएस सदन सेकेन्डरी स्कूल, गणेश माध्यमिक विद्यालय तथा आरक्षण नेसनल एकेडेमी लगायतका विद्यालय तथा संस्थाहरूको पनि सक्रिय सहभागिता थियो ।

# विश्वकप फूटबल : क्यानडाद्वारा दक्षिण अफ्रिका पराजित

काठमाडौं, १५ असार । दक्षिण अफ्रिकालाई हराउँदै क्यानडा फिफा विश्वकप फुटबल २०२६ को अन्तिम १६ मा प्रवेश गरेको छ ।

अमेरिकाको लस एन्जलस रङ्गशालामा सोमबार भएको पहिलो नकआउट खेलमा दक्षिण अफ्रिकालाई १-० गोलअन्तरले पराजित गर्दै क्यानडा प्रिक्वार्टरफाइनलमा प्रवेश गरेको हो ।

क्यानाडाका लागि स्टेफेन युस्टाकियोले निर्णायक गोल गरे । उनले खेलको दोस्रो हाफको अतिरिक्त समयमा गरेको गोल नै निर्णायक साबित भयो । यससँगै तेस्रोपटक विश्वकप खेलिरहेको क्यानाडा पहिलोपटक अन्तिम १६ मा पुग्न सफल भएको हो । क्यानडा यसअघि समूह चरणबाटै बाहिरिएको थियो ।

क्यानाडा समूह 'बी' मा दोस्रो तथा दक्षिण अफ्रिका समूह 'ए' बाट उपविजेता बन्दै नकआउट चरणमा पुगेको थियो । **रासस**

# रसुवागढीमा मालवाहक सवारीसाधन आवतजावतमा रोक

रसुवा, १५ असार । नेपालको उत्तरी नाका रसुवागढीस्थित मितेरी पुलबाट दुई दिनका लागि सार्वजनिक मालवाहक सवारीसाधनको आवतजावतमा रोक लगाइएको छ । अघिल्लो वर्षको असार २४ गते आएको ल्हेन्देखोला बाढीले पक्की पुल बगाएपछि तत्काल सञ्चालन गर्न बेलीब्रिज जडान गरिएको थियो ।

उक्त बेलीब्रिजबाट आगामी वर्षायाममा सवारीसाधन चलाउन मिल्ने वा नमिल्ने भनी परीक्षण गर्न यातायात सञ्चालनमा आज र भोलि रोक लगाइएको रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले जानकारी दिनुभयो ।

स्थानीय बासिन्दा र मानसरोवर कैलासका यात्रुलाई भने आवतजावतमा कुनै असहज नहुने प्रजिअ पन्थीले स्पष्ट पार्नुभयो । नेपालबाट केरुङ र केरुङबाट नेपाल भित्रने मालवाहक सवारीसाधनलाई मात्र चिनियाँ सुरक्षाकर्मीले रोक लगाएको जानकारी दिइएको छ ।

पुलको प्राविधिक परीक्षण सकिएपछि पूर्ववत्‌रूपमा सञ्चालन हुने इलाका प्रहरी कार्यालय टिमुरेका प्रहरी निरीक्षक विक्रम कुँवरले जानकारी दिनुभयो । **रासस**

## सङ्क्षिप्त समाचार

## जिल्लामा धानखेती हुने क्षेत्रफल बढ्यो

चितवन, १५ असार । जिल्लामा धान 'जोन'को क्षेफल बढेको छ । राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम कार्यान्यन एकाइ चितवनका अनुसार आर्थिक वर्ष २०८१/८२ को तुलनामा चालु आवमा धानखेती गर्ने क्षेत्रफल बढेको हो । एकाइ प्रमुख महेश रेग्मीका अनुसार गत आवको तुलनामा यस आवमा जोन क्षेत्रमा धानखेती गर्ने क्षेत्रफल ४५० हेक्टर बढेर आठ हजार ९०० हेक्टर क्षेत्रफल पुगेको छ । जिल्लाका चार पालिकामा धान जोन कार्यक्रम लागू गरिएको छ ।

जिल्लामा धानखेती हुने २७ हजार ३२५ हेक्टर क्षेत्रफलमध्ये सो क्षेत्र धान जोनले लिएको हो । गत वर्ष सो क्षेत्रेफलमा लगाइने धानखेतीबाट एक लाख १३ हजार ८३७ मेट्रिक टन धान उत्पादन भएको थियो ।

कार्यालयले धान जोनका लागि ११ वटा धान रोप्ने मेसिन प्रदान गरेको छ । कृषि विकास कार्यालय चितवनका अनुसार जिल्लामा हाल पाँचदेखि सात प्रतिशत धान रोपाइँ भएको छ । कार्यालयका प्रमुख फलकनाथ कँडेलका अनुसार गत वर्ष यो समयमा १० देखि १५ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ हुँदै आएको थियो । धान रोप्न पुग्ने गरी वर्षा नहुँदा गत वर्षको तुलनामा यस वर्ष धान रोपाइँ कम भएको उहाँले बताउनुभयो । धेरै क्षेत्रफलमा धान रोपाइँको तयारी गरिएको भन्दै उहाँले अब चाँडै किसान धान रोप्नतिर लाग्ने बताउनुभयो । *रासस*

## लिनारेस एम ८५० ट्याब्लेट गुणस्तरहीन

सिद्धार्थनगर (भैरहवा), १५ असार । औषधि व्यवस्था विभागले रूपन्देहीस्थित ग्रेस फर्मास्युटिकल्स प्रालिद्वारा उत्पादित लिनारेस एम ८५० ट्याब्लेट गुणस्तरहीन रहेको पुष्टि गरेको छ । विभागले औषधिको बिक्री-वितरण रोक्न तथा बजारबाट सो औषधि फिर्ता गर्न सम्बन्धित कम्पनीलाई निर्देशन दिएको छ ।

बजार अनुगमनका क्रममा सङ्कलन गरिएको नमूनालाई राष्ट्रिय औषधि प्रयोगशालामा परीक्षण गर्दा ब्याच नम्बर टीएलएमएस-००६ को उक्त औषधि निर्धारित गुणस्तर मापदण्ड अनुसार नभएपछि बिक्री वितरणमा रोक लगाइएको हो । औषधि ऐन, २०३५ को दफा १४ बमोजिम विभागले सो ब्याच नम्बरको औषधिको बिक्री-वितरण तत्काल रोक्का गरी बजारबाट फिर्ता गर्न सम्बन्धित उद्योगलाई निर्देशन दिएको जनाएको छ । *रासस*

## तिनाउको बाढीमा फसेका युवकको उद्धार

सिद्धार्थनगर (भैरहवा), १५ असार । बुटवलस्थित तिनाउ नदीमा आएको बाढीमा फसेका एक युवकको नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले सकुशल उद्धार गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीका अनुसार गुल्मीको मालिका गाउँपालिका-३ पैयुखर्क घर भई हाल बुटवल उपमहानगरपालिका-१७ रानीगन्ज बस्दै आएका ३१ वर्षीय गोरखबहादुर विक आइतबार तिलोत्तमा नगरपालिका-४ डिङ्गारनगरस्थित तिनाउ नदीबाट दाउरा सङ्कलन गर्ने क्रममा बाढीमा फसेका थिए । इलाका प्रहरी कार्यालय बुटवल र सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस बुटवलबाट खटिएको संयुक्त उद्धार टोलीले विकलाई सकुशल उद्धार गरेको प्रहरीले जनाएको छ । पाल्पा र बुटवल क्षेत्रमा वर्षा भएपछि तिनाउ नदीमा पानीको बहाव एक्कासी बढेको थियो । सोही क्रममा दाउरा निकाल्न नदीमा पुगेका विक बाढीको बिच धारमा फसेका थिए ।

प्रहरीले वर्षायाम सुरु भएसँगै नदी तथा खोलामा पानीको बहाव अचानक बढ्न सक्ने भएकाले दाउरा सङ्कलन, पौडी खेल्न वा अन्य प्रयोजनका लागि नदीमा नजान तथा आवश्यक परे अत्यन्त सावधानी अपनाउन सर्वसाधारणलाई आग्रह गरेको छ । *रासस*

## गुल्मीमा खडेरीले किसान चिन्तित

गुल्मी, १५ असार । जिल्लामा अधिकांश खेत आकासेपानीमा निर्भर भएका कारण कृषकलाई धान रोपाइँमा समस्या परेको छ । जिल्लामा यस वर्ष हालसम्म ११ प्रतिशत मात्रै धान रोपाइँ भएको छ ।

कृषि ज्ञान केन्द्र गुल्मीका सूचना अधिकारी टीकाकाम न्यौपानेका अनुसार आइतबारसम्म ७१९.५१ हेक्टरअर्थात् ११ प्रतिशत क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ । यस वर्ष धानखेती हुने अनुमान गरिएको ६ हजार ५४१ हेक्टर क्षेत्रफलमध्ये राष्ट्रिय धान दिवस मनाइँदै गर्दा जिल्लाका अधिकांश खेत अझै बाँझै छन् ।

कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख नरेश धितालले पर्याप्त वर्षा नहुँदा पानीको अभावले यस वर्ष धान रोपाइँ प्रभावित भएको बताउनुभयो । उहाँका अनुसार, जिल्लाका अधिकांश ठूला फाँटहरूमा पानीको अभावका कारण रोपाइँ हुन सकेको छैन । वर्षा भएपछि मात्र रोपाइँले गति लिनेछ ।

इस्मा गाउँपालिका-६ चौरासी फाँटका अगुवा कृषक कृष्ण घिमिरेका अनुसार गत वर्ष असार १५ सम्म जिल्लाको सबैभन्दा ठूलो फाँट चौरासी फाँटमा ८० प्रतिशत धान रोपाइँ भएको थियो ।

यस वर्ष भने उक्त फाँटमा आइतबारसम्म करिब १५ प्रतिशत मात्रै रोपाइँ भएको छ । समयमै वर्षा नहुनु, सिँचाइको अभाव र रासायनिक मल सहज रूपमा उपलब्ध नहुनुले किसान समस्यामा परेको कृषक घिमिरेले बताउनुभयो ।

धुर्कोट गाउँपालिका-६ सिस्तुङका किसान मेघनाथ अर्यालले पनि पर्याप्त पानीको अभावका कारण समयमा धान रोप्न नसकिएको बताउनुभयो । यस वर्ष रोपाइँका लागि पानी नभएको कारण केही ढीला हुने उहाँले बताउनुभयो ।

गुल्मीका अधिकांश धान उत्पादन हुने क्षेत्र अझै पनि आकाशे पानीमा निर्भर छन् । समयमै पर्याप्त वर्षा नहुँदा रोपाइँ ढिलो भएको र यसले यस वर्षको धान उत्पादनमा समेत असर पार्ने कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ ।

जिल्लामा बडिगाड फाँट, चौरासी फाँट, छल्दी, निस्ती, पनाहा, सुदी, खैरेनी, खर्ज्याङ, शान्तिपुर, मजुवा लगायतका फाँट राम्रो धान उत्पादन हुने क्षेत्रकारूपमा परिचय छ । *रासस*



**बाढीले क्षति पुऱ्याएपछि जोखिममा रहेको रसुवागढीको एकीकृत भन्सार तथा सुरक्षा भवन**
गत असार २४ गते ल्होन्देखोलामा आएको बाढीले क्षति पुऱ्याएपछि जोखिममा रहेको रसुवागढीको एकीकृत भन्सार तथा सुरक्षा भवन । रसुवागढीमा बाढीले कटान गरेको पुरातात्त्विक संरचना पुनःनिर्माण गर्न र खोलामा तटबन्ध निर्माण कार्य अगाडि बढाउन सम्बन्धी निकायलाई स्थानीयवासीले आग्रह गरेका छन् ।। *तस्बिर: ज्ञानेन्द्र न्यौपाने/रासस*

# पनौती हिलेजात्रा : यौनिकताको दर्शाउने अनौठो परम्परा

**- राजकुमार पराजुली**

काभ्रेपलाञ्चोक, १५ असार । हरेक वर्षको 'जेष्ठ शुक्ल पूर्णिमा' का अवसरमा काभ्रेपलाञ्चोकको पनौतीमा हिलेजात्रा अर्थात् ज्याःपुन्ही मनाइन्छ । त्रयोदशीदेखि पूर्णिमाको रात रहुन्जेल हिलेजात्रा मनाउँछन् पनौतीवासी ।

जात्रा सकिएको भोलिपल्टदेखि खेतको काम थाल्ने यहाँको परम्परा नै हो । अझ 'जेष्ठ शुक्ल पूर्णिमाको दिन जात्रा नमान्ने र मङ्सिर पूर्णिमाको रात निद्रा नपुऱ्याउनेले कहिल्यै सुख पाउँदैन' भन्ने मान्यतासमेत यहाँ रहिआएको छ ।

यहाँको परम्परा पनि अनौठो, मौसम पनि अनौठो तरिकाले जात्रासँगै मेलोमेसोमा लागेकै पाइन्छ । जात्रा मनाएको चार दिनदेखि पनौतीमा हावाहुरी चल्छ, अनि वर्षा सुरु हुन्छ । यहाँको जनविश्वासअनुसार जात्राको अन्तिम दिन पनि वर्षा हुनैपर्छ र भइरहेको पनि यहाँका स्थानीयसँग अनुभव छ । स्थानीय बूढापाकाको भनाइमा पनौती जात्रामा सामेल हुनैपर्ने परम्परागत तथ्य पनि छ । यस वर्षको जात्रा गत शनिबारदेखि सुरु भएको छ ।

जात्रा सकेर खेतमा रोपाइँ सुरु गर्ने परम्परा पहिल्यैदेखि चलिआएकाले यसलाई हिलेजात्रा अर्थात् नेवारी भाषामा ज्याःपुन्हीसमेत भन्ने गरिएको हो । किम्वदन्तीअनुसार परापूर्वकालमा यसै समयमा पनौती पारिपट्टीका ब्रह्मायणी र भद्रकालीको पूजा गर्न जान समस्या परेपछि ललितपुरको बुङ्गमतीबाट वासुकी नाग पनौती आएर पुण्यमाताको उर्लेदो बाढीमा पुलजस्तै तेर्सो परी देवतालाई तार्ने काम गरेका थिए । त्यसैको स्मरणमा जात्रा मनाउँदै आइएको स्थानीय वृद्ध विकुनारायण ताम्राकार बताउनुहुन्छ ।

करिब ५० मिटर चौडा पुण्यमाता खोलामा हरेक वर्षको त्रयोदशीका दिन नागको प्रतिकका रूपमा दुईवटा बाँस तेर्स्याइने र एक घण्टा लगाएर देवतालाई तार्ने काम गरिन्छ । तीन दिनसम्म मनाइने यो जात्रालाई निकै ठूलो जात्राका रूपमा लिने गरिन्छ । जात्रा मनाउने क्रममा त्रयोदशीका दिन खोला तर्ने काम सकिएपछि चतुर्दशीका दिन पनौती नगरका सम्पूर्ण देवीदेवताका मठमन्दिरमा पूजाअर्चना गर्ने चलन छ ।

यस्तै सोही दिन इन्द्रेश्वर महादेव मन्दिरको पूर्वमा रहेको गणेशको मूर्तिलाई खटमा राखी धुमधामका साथ नगर परिक्रमा गराइन्छ । जात्राको मुख्य आकर्षण अर्थात् पूर्णिमाका दिन सबेरै बजारमा भद्रकाली, महादेव र इन्द्रेश्वरका तीनवटा रथको भागदौड गराउने र रथ भेटिँदा 'यौन क्रियाकलाप' मा रथलाई एकापसमा जुधाउने काम हुन्छ । यही क्रियाकलापलाई जात्राको मुख्य आकर्षणका रूपमा लिँदै युवायुवतीको सहभागिता उत्साहजनक रहने गर्दछ ।

स्थानीय वृद्धवृद्धाको भनाइमा पूर्णिमाको दिन भद्रकालीले ६४ योगिनीको एउटै रूप धारण गरी कामोत्तेजक भई महादेवलाई लखेट्छिन् । महादेव भने त्रिवेणीमा हामफाली लुक्छन् तर त्यहाँ पनि भद्रकालीले नछाडेपछि महादेवले उन्मत्त भैरवको रूप धारण गरी भद्रकालीलाई भगाउँछन् । भाग्ने र पिछा गर्ने कार्यका रूपमा रथ जुधाइन्छ । रथ जुधाइसँगै भव्यरूपमा अबीर जात्रा पनि हुन्छ । लखेट्दै गएर भैरवले चौतर्फी घेरा हाली भद्रकालीलाई बिचमा पारेपछि पछाडिबाट ठक्कर दिन्छन् भने अगाडिबाट आएका इन्द्रेश्वर महादेवले पनि अगाडिबाटै धकेल्छन् ।

धार्मिक विश्लेषणका आधारमा रथ जुधाउने परम्परालाई यौनजन्य प्रस्तुतिका रूपमा लिइएको हो । रथ जुधाउँदा जोश झनै बढ्ने भएकाले युवायुवती अबिर जात्रासहित रथ जुधाउन तँछाडमछाड गर्छन् । इन्द्रेश्वर



मन्दिरका पुजारी रमेश जङ्गमका अनुसार रथ जुधाइमा कामोत्तेजक कार्य प्रदर्शन गर्नुपर्ने भएकाले पहिलेपहिले झिसमिसेअगावै रथ जुधाइने गरिएको थियो । विशेषतः काम-क्रिडासँग सरोकार राख्ने जात्रा भएकाले मध्यरातदेखि झिसमिसेको बिचमा समापन गर्नुपर्ने मान्यता रहिआएको थियो तर पछिल्ला केही वर्षदेखि देवतारूपी रथलाई दिउँसो जुधाउने गरिँदै आएको छ ।

जात्राको विधि/परम्पराअनुसार विशेष पूजामा सामग्री, सुकुण्डा बोकेर कर्माचार्य (आचाजु) हरू सुस्तरी हिँड्नुपर्छ । यो परम्परालाई नेवारी भाषामा न्हयायकेगु भन्ने गरिन्छ । कर्माचार्य खोला पारी गोरखनाथ पुगेपछि नाग आसनबाट उठ्ने भएकाले ती नाग राजाको कृपाले पानी र रोपाइँ सफल हुने जनविश्वास रहेको छ । कुनै वर्ष कारणवश जात्रा रोकिएमा पनौतीमा ठूलो अनिष्ट हुने, खडेरीले दुःख दिनेजस्ता जनविश्वासकै आधारमा यो जात्रालाई निरन्तरता दिएको छ । अर्को रोचक प्रसङ्ग जात्रामा चिउली र केरा खाएर घुम किन्नुपर्ने मान्यता पनि छ । जात्रामा चिउली चपाएर जीब्रो पड्काउँदै युवायुवती हौसिएका देखिन्छन् । स्थानीयले जात्रा अवधिभर आफ्ना पाहुना बोलाई स्वागत सत्कारका साथ भोज गर्छन् । भोजका लागि अधिकांशका घरमा बलि दिने प्रथा अझै कायम रहेको छ ।

पनौती धार्मिक रूपले पनि उत्तिकै महत्त्वको क्षेत्र मानिँदै आएको छ । पनौतीस्थित इन्द्रेश्वर महादेव मन्दिरको उत्तरपूर्व कुनामा अवस्थित अहिल्या (शिला) लाई काठमाडौँको काष्ठमण्डपपछि पुरानो कलाकौशलयुक्त मन्दिरको रूपमा गनिएको छ । शरीरभरि योनी भएका देवराज इन्द्र पनौतीमा आई १२ वर्षसम्म 'श्री महादेव' को तपस्या (भक्ति) गर्दा पापमुक्त भएपछि सोही बेलादेखि १२ वर्षे मकर मेला निरन्तर रूपमा चल्दै आएको जनविश्वास छ ।

यस्तै राजा प्रताप मल्लले १७२७ सालमा रानीपोखरी बनाइसकेपछि विभिन्न तीर्थस्थलको जल राख्ने क्रममा पनौतीस्थित त्रिवेणीघाटको जल पनि राखेको शिलालेखमा उल्लेख गरिएको इतिहासविद्ले जनाएका छन् । तीन नदीको सङ्गमस्थल त्रिवेणीघाटमा पुण्यमाता र रोशी खोलाबाहेक पद्मावती नदी गुप्त रूपमा बहिरहेको मान्यता रहेको छ । भारतको प्रयागमा गङ्गा र यमुना नदीको सङ्गममा गुप्तरूपले सरस्वती मिसन नदी बहेझैं पनौतीस्थित रोशीलाई रुद्रावती नदी, पुण्यमाता नदीलाई लीलावती र गुप्तरूपले बहेकी ब्रह्मायणी मन्दिरको मुनिबाट दूध बग्ने नदीलाई पद्मावती मानिँदै आइएको हो ।

स्कन्दपूराणअन्तर्गत हिमवत्खण्ड (नेपाल महात्म्य) मा वर्णन गरिएअनुसार परापूर्वकालमा श्रृष्टिकर्ता परब्रह्माले 'अहिल्या' सुन्दरी सिर्जना गरी दश इन्द्रिय वशमा राख्नसक्ने गौतम ऋषिलाई नासोको रूपमा सुम्पिएपछि यो कुरा थाहा पाएका देवराज इन्द्रले अहिल्याको रूपबाट कामातुर भई ऋषिको भेषमा अहिल्याको सतित्व हरण गरेका थिए । स्नान गरी फर्कँदा इन्द्रबाट अहिल्याको सतित्व हरण भएको थाहा पाएपछि रिसले चुर भएका ऋषिले उनलाई 'जुन वस्तुमा बढी लालसा राख्यौ, त्यही वस्तु शरीरमा उत्पन्न होस्' भनी श्राप दिएँ' भनेपछि इन्द्रमा हजारौं योनीहरू पाप चिन्हका रूपमा देखिएको कथन छ । सतित्व हरणपछि पत्थरझैं विवेकरहीत अवस्थामा रहेपछि ऋषिले अहिल्यालाई शिला हुने श्राप दिएको र त्रेता युगमा मर्यादापुरुष रामचन्द्रको जन्म हुने र उनकै पाउ स्पर्शपछि उनको श्रापमोचन भयो भनिएको छ ।

अर्को किम्वदन्तीअनुसार पाटन र पनौतीमा ठूलो खडेरीपछि अनिकाल हुँदा दुवै ठाउँका तान्त्रिकहरू फुल्चोकीमाई कहाँ पूजापाठ गरी पानी माग्थे । दुई क्षेत्रबिच पानी लैजाने होडबाजी चलिरहेपछि फुल्चोकी माताले जसले पहिले चाँदी र सुनको फूल चढाउँछ उसलाई वरदान दिने भन्नुभएको थियो । यसपछि सुन र चाँदीवाला पाटनका तान्त्रिकले सोहीअनुसार फूल बनाउन दिए, यता पनौतीका तान्त्रिकले आफूसँग जान्ने कालीगढ नभएको जनाउँदै तोरी र मूलाको फूल (सुन र चाँदीजस्तो देखिने) चढाएपछि सुन-चाँदीका निम्ति प्रख्यात पाटनलाई भन्दा मूला, तोरी र सँग खेती गर्नेलाई पानीको अभाव छ भन्दै खुसी हुँदै फुल्चोकी माताले पनौतीतर्फ पानी पठाइदिनुभएको थियो ।

छ वर्षपछि सुन र चाँदीको फूल बनाएर फुल्चोकी मातालाई चढाएर आफूहरूलाई पनि वरदान मिल्नुपर्ने बताएपछि माताले उक्त पानी आधा गोदावरी पठाएकी थिइन् । यसपछि छ/छ वर्षको अन्तरमा गोदावरी मेला र १२/१२ वर्षमा मकर मेला लाग्ने गरेको जनविश्वास छ ।

जन्मदेखि मृत्युसम्मका धार्मिक क्रियाकलाप हुने पनौतीको उक्त त्रिवेणीमा हरेक वर्ष माघ महिनामा साँखु र भक्तपुरका माधवनारायण देवतालाई यहाँ ल्याई दुई दिनसम्म राखिने पनि गरिन्छ । बाह्रवर्षे मकर सङ्क्रान्तिमा पनौतीस्थित त्रिवेणीघाटमा एकमहिने मकर मेला लाग्ने गर्दछ । मेलामा उत्तर भारत प्रयागबाट समेत तीर्थालु आउने गर्दछन् । उक्त स्थानमा नुहाई त्यहाँको जल उत्तरतर्फ कुन्जगिरिमा अवस्थित गोरखनाथलाई अर्पण गर्नाले ठूलो पुण्य मिल्ने धार्मिक विश्वास रहेको छ । *रासस*

।सम्पादकीय।

# कम्युनिस्ट पार्टीको मूल उद्देश्य आमूल परिवर्तन

कम्युनिस्ट पार्टीको मूल उद्देश्य श्रमजीवीवर्ग या बहुमत जनताको हितमा आमूल परिवर्तन गर्नु हो। देशका सबै कम्युनिस्ट पार्टीहरूले आमूल परिवर्तनको निम्ति वातावरण तयार गर्नुपर्ने हो; जनतालाई सचेत र सङ्गठित गरेर क्रान्तिको निम्ति तयार गर्नुपर्ने हो। तर, ठुला दल भनिने कम्युनिस्ट पार्टीहरु क्रान्ति गर्न होइन सरकारको नेतृत्व गर्न जसरी भए पनि निर्वाचनमा जित्ने दाउ खेल्छन्। परिवर्तनको निम्ति होइन सरकारमा जानको निम्ति गरिएको राजनीति नै कम्युनिस्ट पार्टी भन्ने दलको कमजोरी हो। सरकारको नेतृत्व गर्न या आफू नै प्रधानमन्त्री बन्नको निम्ति पार्टी जुटाउने र फुटाउने खेल प्रजातन्त्रवादी दल नेकामा मात्र होइन कम्युनिस्ट भनिने दल एमाले र पहिलेको माओवादीमा पनि देखिएकै हो। पार्टी स्थापनाकालदेखि ती दलका नेता तथा कार्यकर्ताहरू सत्ताको लुछाचुँडीमा नगइकन देशमा समाजवादी क्रान्तिको निम्ति लागेका भए कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलन निकै अघि बढेको हुन्थ्यो र कम्युनिस्ट पार्टीको जग बलियो हुन्थ्यो। जसरी भए पनि पुँजीवादी सरकारको नेतृत्व गरी जनतामाथि रजाइँ गर्ने कम्युनिस्ट पार्टी भन्ने दलको कमजोरी या गलत राजनीतिकै कारण आज ठुला भनिने एमाले र नेकपाको हालत दयनीय अवस्थामा पुगेको हो।

पटक-पटक शासन गरेर पनि जनताको विश्वास जित्न नसकेपछि, अझ देशविरोधी र जनविरोधी काम गर्न अग्रसर भएपछि जनताले अर्को शक्ति खोज्नु अन्यथा होइन। तर, विकल्पको रूपमा देखिएको अर्को शक्ति विगतको सत्तारुढ दल या सरकारभन्दा फरक छैन या अझ खतरा छ भने देशका कम्युनिस्ट भनिने दल र व्यापक जनता सचेत हुनैपर्छ। विगतको सरकारले देश र जनताको पक्षमा केही गरेन भनेर बनेको नयाँ सरकारले पनि पुरानो सरकारकै नीति र निर्णय लागू गर्छ; अझ देशमा सङ्कट निम्त्याउने, देशको स्वाधीनता र सार्वभौमिकतामाथि दूरगामी असर पुऱ्याउने या आँच पुऱ्याउने काम गर्छ भने देशभक्त, प्रगतिशील र परिवर्तनकामी जनताले त्यसको विरोध गर्नुपर्छ।

कुनै पनि दलको एकता कुनै एउटा मञ्चमा गर्जेर, घाँटी सुकाएर बोल्दैमा हुने होइन। कुनै शक्तिविरुद्ध लड्न अहिल्यै न सहकार्य हुन्छ; न वामपन्थी एकता हुन्छ न त दिमाग तताएर भाषण गर्दैमा अहिले नै एकता हुन्छ। सहकार्य र वामपन्थी एकता केको निम्ति, किन हुने भन्ने सन्दर्भका विषयबारे छलफल नै नगरी आजै कार्य थालनी गरौँ भनेर कसरी पूरा हुन्छ? लामो समयदेखि भेट नभएका नेताहरू एकदिन, एक समय, एउटै मञ्चमा उभेर, सबैले आ-आफ्ना मनका कुरा फुकेर कसरी सहकार्य र एकता हुन्छ? वास्तवमा देशका कति नेताहरू आवेगमा, भावनामा बोलेर नेता, कार्यकर्ता तताउने कार्यले नै देशको कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलन पछि परेको हो।

'कुण्ड कुण्ड पानी मुन्द मुन्द बुद्धि' भनेझैँ चार शीर्ष नेताको चार थरी मत छ। प्रतिक्रियावादी, साम्राज्यवादी र फासीवादीविरुद्ध तत्काल सहकार्य गर्नुपर्ने, आ-आफ्नो कमजोरीबारे आत्ममन्थन र समीक्षा गरेर एकताको दिशामा जाने, कम्युनिस्ट आन्दोलन एकताबद्ध गर्नुअघि समीक्षा गर्ने र समाजवादी क्रान्तिको आधार तयार गर्ने कुरा सरसरती हेर्दा कसैले गलत भन्दैन। अहिले कुनै शक्तिविरुद्ध लड्नुभन्दा पनि देशका सबै कम्युनिस्ट पार्टीले सच्चा कम्युनिस्ट भएर राजनीति गर्नु जरुरी छ। सिद्धान्त र विचार नमिलिकन कम्युनिस्ट पार्टीको उद्देश्य पूरा गर्नुभन्दा सत्तामुखी राजनीति गरेर दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्न राजनीति गर्छ भने त्यो दलको एकता जनपक्षीय र सान्दर्भिक हुनेछैन। देशमा कति दलबिच एकता भएकै हो; एक भएर निर्वाचन लडेर जितेकै हो; तर त्यो टिकेन। पुष्पकमल दाहालको नेतृत्वमा बनेको नेपाल कम्युनिस्ट पार्टी निर्वाचनको बेला २६ वटा दल मिलेर एकता भएकै हो। दल एकता हुँदा देशकै ठुलो दल बनाएर सरकारको नेतृत्व गर्ने बखान नेताहरूले गरेकै हुन्। तर, निर्वाचनमा नतिजा नसोचेझैँ भयो। कम्युनिस्ट भनिने ती शीर्ष नेताहरूको मन्तव्यको सारमा अझै सत्ताको गन्ध छ। निर्वाचनमा मिलेर लडेको भए धेरै सीट गुम्दैनथ्यो; आफ्नै दलको नेतृत्वमा सरकार चलाउन पाउँथ्यो या बालेन तानासाही चल्ने थिएन भन्ने उनीहरूको भनाइ हो। कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलन आमूल परिवर्तनको निम्ति हुनुपर्छ। साँच्चै समाजवादी क्रान्ति गर्ने लक्ष्यअनुरूप कम्युनिस्ट पार्टी अघि बढ्नुपर्छ। हरेक कम्युनिस्ट पार्टीले शत्रु र मित्र चिनेर वर्गीय राजनीति गर्नुपर्छ। हरेक आन्दोलन जनतासित सम्बन्धित हुनुपर्छ। हरेक कम्युनिस्ट र देशभक्त पार्टीले देशको स्वाधीनता र सार्वभौमिकतामा आँच पुऱ्याउने कामको विरोध गर्नुपर्छ। देश जोगाउने र बनाउने अभियानमा पार्टी जुट्नुपर्छ।

# हिन्दू राज्य भनेको के हो ?

✍ प्रभात पटनायक

राष्ट्रिय स्वयम्सेवक सङ्घ (RSS) भारतमा 'हिन्दू राष्ट्र' (हिन्दू राज्य) स्थापना गर्न चाहन्छ। हिन्दू राज्यको अर्थ हो - सम्पूर्ण नागरिकहरूलाई धर्मको पर्वाह नगरी संविधानप्रदत्त समानताको हक प्रदान गर्नुको साटो हिन्दूहरूलाई अन्य धर्मावलम्बी दाँजोमा उच्च श्रेणीको नागरिक करार गर्ने राज्य; खासगरी देशको सबैभन्दा ठुलो अल्पसङ्ख्यक मुस्लिम समुदायभन्दा हिन्दूहरूलाई अग्रस्थान दिने राज्य। राज्य दमनमा नउत्रेसम्म यस्तो असमानता कायम गर्न सकिने छैन। सिद्धान्ततः सबै वर्गीय समाजमा राज्यहरू दमनकारी नै हुन्छन्। तर, असमानतालाई सिधै संस्थागत गर्नका लागि राज्य अझ दमनकारी बन्नुपर्ने हुन्छ। के हिन्दू राज्यको अर्थ इतर धर्मावलम्बीहरूमाथि हिन्दूहरूको सामूहिक तानाशाही वा अधिनायकत्व हो त ?



यो प्रश्न सोध्नेबित्तिकै स्वाभाविक जवाफ आउँछ - होइन। एक रिक्सा चालकको धर्म जेसुकै भए पनि उसले रिक्सा चलाउनैपर्छ। आफ्नै धर्मको हिन्दू राज्य आए पनि एकजना पियनले पियनकै काम गर्नुपर्ने हुन्छ भने गिग-मजदुरले गिग-मजदुरी नै गर्नुपर्छ। तथाकथित हिन्दू राज्यले बहुसङ्ख्यक हिन्दूहरूको भौतिक जीवनमा खासै परिवर्तन ल्याउने छैन। त्यसो भए त्यो अधिनायकत्वको फाइदा कसलाई होला ? त्यस्तो राज्यका शासकले कसको स्वार्थ पूरा गर्लान् ? यसको सोझो जवाफ हुन्छ - एकाधिकार पुँजीको स्वार्थ। नाम जेसुकै राखौँ त्यो हिन्दू राज्य एकाधिकार पुँजीको अधिनायकत्व मात्र हुन सक्छ।

राज्यका क्रियाकलाप थाल्नुअघि विभिन्न हिन्दू कर्मकाण्ड र धार्मिक अभ्यासहरू गर्ने हुन सक्छ। रोजगारीमा हिन्दूहरूलाई प्राथमिकता दिने हुन सक्छ। तर, आजकै जस्तो भोलि पनि नयाँ रोजगारीको हाहाकार हुनेछ। ठुला कम्पनी वा कर्पोरेटहरूले कृत्रिम बौद्धिकता (एआई) प्रयोग गरेर भएका रोजगारी पनि खोस्ने कार्यमा कमी आउनेछैन। मुस्लिमका साथै अन्य धार्मिक अल्पसङ्ख्यकहरूले कठोर दमन सहँदै गर्दा हिन्दूहरूमाथि गरिने दमनमा कुनै कमी आउनेछैन। कुनै वर्गविशेषको शक्ति बढ्नेछ भने एकाधिकार पुँजीपतिहरूको बढ्नेछ। यो वर्गभित्र पनि नयाँ मुट्ठीभर एकाधिकार पुँजीवालहरूको शक्ति ह्वात्तै बढ्नेछ। सामान्य भाषामा भन्दा हिन्दू राज्यका मालिक हुनेछन् - भारतका ठुला पुँजीपतिहरू। विशिष्ट भाषामा भन्दा हिन्दू राज्यका मालिक हुनेछन् - अडानी र अम्बानीहरू।

घटनाक्रमले सन् १९३० को दशकको जर्मनीको झल्को दिन्छ। तिनताका नाजीहरूले यहुदी र जिप्सीजस्ता 'गैरआर्य' जनतामाथि अत्याचार गर्दै 'आर्य श्रेष्ठता' को दाबी गरेका थिए। यहुदीहरूका हकमा नाजीहरू व्यक्ति 'आर्य यहुदी' हुनै सक्दैन भनी दाबी गर्थे। जिप्सीहरूका हकमा पनि उनीहरू व्यक्ति 'आर्य जिप्सी' हुन असम्भव छ भन्थे। यद्यपि, नाजी राज्य औपचारिक रूपमा 'आर्य राज्य' भने थिएन। नाजीहरूले चलाएको तानाशाही खासमा 'वित्तीय पुँजीका सबैभन्दा प्रतिक्रियावादी, सबैभन्दा बडाराष्ट्रअहङ्कारी र सबैभन्दा साम्राज्यवादी तत्त्वहरूले खुलेआम चलाएको आतङ्ककारी तानाशाही' थियो। सन् १९३५ मा कम्युनिस्ट इन्टरनेसनलको सातौँ अधिवेशनमा त्यसका अध्यक्ष ज्योर्जी दिमित्रोभले दिएको परिभाषा हो यो।

राज्यमा जसले शासन गर्छ उसले पस्किने भाष्य यथार्थ नै हुन्छ भन्ने छैन। त्यसैले सोध्नुपर्ने प्रश्न के भने - आफ्ना हित साँध्न कुन वर्गले राज्य चलाइरहेको छ ? आजका मितिमा लोकतन्त्रको जहाज डुबाएर अन्य समूहलाई दोस्रो दर्जाको नागरिकमा झारी निश्चित जाति, धर्म वा भाषिक समूहको हितमा राज्य चलाएको दाबी गर्ने सरकारहरू धेरै छन्। यथार्थमा तिनले मूलतः एकाधिकार पुँजीको तानाशाहीलाई संस्थागत गरेर त्यसको हित साँधिरहेका छन्; कामदार जनतालाई जाति, धर्म वा भाषाका आधारमा भाँड्दै छन्; टुक्र्याउन खोज्दै छन्। आधुनिक, बहुपक्षीय समाजमा एकपक्षीय राज्य थोपर्न खोज्नु वास्तवमा एकाधिकार पुँजीको तानाशाही हो।

अर्को प्रश्न उठ्न सक्छ - आजका 'धर्मनिरपेक्ष' राज्यहरूमा नै एकाधिकार पुँजीले दबदबा कायम गरिसकेको स्थितिमा उसलाई आफ्नो तानाशाही चलाउन नयाँ एकदम बेग्लै हिन्दू सर्वोच्चतायुक्त व्यवस्था किन चाहियो त ? पक्कै पनि राज्यका अघिल्ला स्वरूपहरूले गम्भीर खतराको सामना गरिरहेको स्थितिमा बदलावको आवश्यकता उत्पन्न हुन्छ। यस्तो खतरा तब आइलाग्छ जब अर्थतन्त्र गतिहीन हुन्छ र बेरोजगारी ह्वात्तै बढ्छ। हिन्दू राज्यको आवरणमा पछिल्लो पल्ट भारत एकाधिकार पुँजीको तानाशाहीतर्फ अग्रसर छ। नवउदारवादी अर्थनीतिले कुनै निकास नपाएको छटपटीको चिह्न हो यो। नवउदारवादी नीतिका कारण अर्थतन्त्र गतिहीन भयो, बेरोजगारी ह्वात्तै बढ्यो र बहुसङ्ख्यक कामदार जनतामा चर्को असन्तोष छायो। त्यसैले राज्यको स्वरूप बदल्नुपर्ने खण्ड आइलागेको हो।

प्रजातन्त्रमा कामदार जनतालाई प्रतिरोध र सङ्घर्षको अवसर बढी हुन्छ। त्यही भएर सङ्कटको बेला एकाधिकार पुँजीको वर्चस्वमा आउन सक्ने खतरालाई ठेगान लगाउन प्रजातन्त्रलाई फितलो बनाउने प्रयास गरिन्छ। तर, सङ्कट लामो अवधिसम्म रहने स्थितिमा उसको वर्चस्वमाथि खतराको तरबार झुन्डिरहन्छ। यसलाई भुत्ते पार्न एकाधिकार पुँजीले अझ कठोर नीति अपनाउँछ। उसले मान्छेको ध्यान भाँड्ने वैकल्पिक बहस सुरु गर्नुपर्ने हुन्छ; कामदार जनतालाई एकताबद्ध सङ्घर्ष छेड्नबाट रोक्नुपर्ने हुन्छ; एकपक्षीय राज्यलाई संस्थागत गर्ने नाममा प्रजातन्त्रको जहाज डुबाउनुपर्ने हुन्छ। *(भारतको हकमा यो एकपक्षीय राज्य 'हिन्दू-राष्ट्र' हो।)* यी तीन कार्य पूरा गर्न एकाधिकार पुँजीले जनतालाई विभाजित गर्न सक्ने सबैभन्दा योग्य शक्तिसँग घाँटी जोड्छ।

राष्ट्रिय स्वयंसेवक सङ्घ र भारतीय जनता पार्टी (RSS-BJP) ले चलाइरहेको बहस भड्किलो छ। भारतका जनशक्ति र खासगरी युवा जमात बढ्दो बेरोजगारीले थिचिँदै छ। शिक्षित बेरोजगारीको अवस्था अत्यन्त उच्च छ। यस्तो सङ्गीन समस्याबारे भारतका शासकहरू तैँ चुप मै चुप छन्। उल्टो उनीहरू बङ्गलादेशको घुसपैठ भयो भनी कुर्लिँदै छन्! सत्तारुढ दल भाजपा आफैले जारी गरेको भारतको वर्तमान प्रतिव्यक्ति आय बङ्गलादेशको भन्दा कम छ। अन्तर्राष्ट्रिय मुद्राकोषको तुलना हो यो। अर्थात्, बङ्गलादेशलाई भारतभन्दा उन्नत देश भन्नुपर्ने हुन्छ। यस्तो स्थितिमा बढी उन्नत देशबाट कसले 'ठुलो सङ्ख्यामा' कम उन्नत देशमा घुसपैठ गर्ला ?

भारतमा पछिल्लोपल्ट हिन्दूत्वको उभार किन आयो भन्ने विषयमा उदारवादी विचारकहरूले पनि जवाफ दिन खोज्दै छन्। तर, उसले देख्न नसकेको तथ्य के हो भने भारतमा हिन्दूत्वको उभार एक विश्वव्यापी घटनाको हिस्सा हो। त्यसैले हिन्दूत्वको उभारलाई भारतको हकमा मात्र व्याख्या गर्न खोज्नु अधुरो हुन्छ। हिन्दूत्वको उदय एक्लो घटना होइन। एक हदसम्म यो एकाधिकार पुँजीले (भारतमा) वित्ततन्त्र र मिडियाको सहयोगमा मञ्चन गरेको खेल हो। अमेरिका, इटली, फ्रान्स, जर्मनी र बेलायतजस्ता अरू पुँजीवादी देशमा पनि यही दृश्य देखिएको छ। नवउदारवादी पुँजीवादले विश्व अर्थतन्त्रमा ल्याएको गतिहीनताबाट जन्मिएको परिस्थिति हो यो।

राष्ट्रिय स्वयंसेवक सङ्घ (RSS) हाल आफ्नो सयौँ वार्षिकोत्सव मनाउँदै छ। एक सय वर्षसम्म सत्ताभन्दा टाढा रहेको यो सङ्गठन हाल अकस्मात् सत्तामा छ। आज ऊ आफूलाई विश्वकै 'सबैभन्दा धनी राजनीतिक दल' भनी नाक फुलाउने स्थितिमा छ। एकाधिकार पुँजीबाट पाउने ठुलो सरसहयोगबिना यो सम्भव छैन।

तर, एकाधिकार पुँजी मात्र हिन्दूत्वप्रति आकर्षित भएको होइन। हिन्दूत्ववादी तत्वहरूले पनि एकाधिकार पुँजीप्रति आफ्नो दृष्टिकोण बदलेका छन्। यसअघि राष्ट्रिय स्वयम्सेवक सङ्घलाई मूलतः पसल व्यवसायी, साना पुँजीपति र सहरिया मध्यमवर्गले सहयोग गर्दै आएका थिए। केही सामन्तहरूले पनि उसलाई आर्थिक सहयोग गर्दै आएका थिए। यी तप्का नै सङ्घको मूल आधार थिए। जर्मनीमा सत्तामा आउनुभन्दा अगाडि नाजीहरूले खुलेआम एकाधिकार पुँजीको विरोध गर्थे। यसको विपरीत राष्ट्रिय स्वयंसेवक सङ्घले कहिल्यै एकाधिकार पुँजीविरुद्ध बोलेको इतिहास छैन। तर, उसले खुलेर एकाधिकार पुँजीको समर्थन पनि गरेको थिएन। अर्थनीतिको विषयमा हिन्दूत्ववादी शिविरमा वैकल्पिक स्वर पनि सुनिने गर्थ्यो। तैपनि, यो शक्तिका लागि अर्थनीति देखिने चासोको विषय थिएन।

यही दृष्टिकोण बदल्नमा नरेन्द्र मोदीको योगदान रह्यो। कर्पोरेट-हिन्दूत्व गठबन्धनका वास्तुकार बनेपछि हिन्दूत्ववादी पदानुक्रममा नरेन्द्र मोदीको महत्त्व एकाएक बढेको थियो। यही गठबन्धनका कारण हिन्दूत्ववादी शक्ति सत्तासीन बनेको थियो। वास्तवमा नरेन्द्र मोदीलाई भारतको प्रधानमन्त्रीको रूपमा अघि बढाउने विचार पहिलो पल्ट पुँजीपतिहरूकै भेलामा सुनिएको थियो। गुजरातमा भएको 'लगानी सम्मेलन' मा त्यो विचार फुरेको थियो। त्यतिबेला मोदी गुजरात राज्यका मुख्यमन्त्री थिए। मोदी एकाधिकार पुँजीका निर्लज्ज र छाडा प्रवर्द्धक बने। खासगरी एकाधिकार पुँजीका नयाँ मालिकहरूका लागि उनी प्रवर्द्धक बने। यही प्रक्रियाबिच उनी अन्तर्राष्ट्रिय वित्तीय पुँजीका प्रवर्द्धक पनि बने। नवउदारवादी युगमा नै भारतको एकाधिकार पुँजी अन्तर्राष्ट्रिय वित्तमा समाहित भएको थियो। नवउदारवादी पुँजीवाद गतिहीन बनेपछिको अवधिमा मोदी र उनको नवफासीवादी एजेन्डा खासगरी भारतीय एकाधिकार पुँजीको लागि उपयोगी दलाल (एसेट) बने।

*(लेखक भारतका चर्चित अर्थविद् र राजनीतिक विश्लेषक हुन्। उनका कैयन् विश्वप्रसिद्ध कृति प्रकाशित छन्।)*

***स्रोत : एमआर अनलाइन***

***अनुवाद : सम्यक***

सन्दर्भ : क्रिस हानी जन्म दिवस (जून २८)

# अफ्रिकी स्वतन्त्रता आन्दोलनका योद्धा तथा कम्युनिस्ट नेता क्रिस हानी – ५

**लेसोथोमा**

क्रिस हानी १९७२ मा कम्युनिस्ट पार्टी केन्द्रीय समितिको सहसचिव बने । यसबिच गुरिल्ला तालिमका लागि उनी तीन महिना जर्मनीको बर्लिन छेउछाउ बसे । हानी दक्षिण अफ्रिकाभित्रै गएर स्वतन्त्रता आन्दोलन चर्काउन चाहन्थे । त्यसकारण, सन् १९७५ मा उनी भेष बदलेर जोहान्सबर्ग पुगे । तर, उनलाई त्यहाँ आश्रय दिन कोही पनि तयार भएनन् । चार महिना यताउता दुईतीन जनाको समूहमा भौतारिएपछि अन्ततः उनी दक्षिण अफ्रिकाकै एक भाग रहेको तर पछि अलग देश बनेको लेसोथो पुगे । त्यसअघि उनीहरूले सोमालियाको राजधानी मोगादिसुबाट आफ्ना कार्यकर्ता दक्षिण अफ्रिकाभित्र छिराउने प्रयास गरेका थिए । तर, त्यसो गर्दा धेरै कार्यकर्ता पक्राउ परेपछि लेसोथो नै गतिविधिको लागि उपयुक्त ठाउँ बन्न पुग्यो । लेसोथोमा हानीका पिता गिल्बर्ट पनि प्रवास जीवन व्यतीत गर्दै थिए । गिल्बर्ट आफ्नी अर्की श्रीमती एलिजाबेथ 'रक्की' माफिकिङ र ८ जना छोराछोरीसँग सानो पसल गरी बसेका थिए । माफिकिङ आफै एक मजदुर नेतृ थिइन् र केपटाउनबाट उनलाई निकाला गरिएको थियो । गिल्बर्टको सक्रिय राजनीतिक अभिरुचि र पहुँचले गर्दा हानीलाई त्यहाँ काम गर्न सहज थियो ।

लेसोथोमा बसेर हानीले मुक्ति सङ्घर्षमा टेवा पुऱ्याउने विविध गतिविधि गर्न थाले । हानीले पछि स्मरण गरे, "अब हामीले लेसोथोबाट देशभित्र विभिन्न एकाइ गठन गर्न थालेका थियौँ । देशभित्रै हामीले क्रमशः साङ्गठनिक सञ्जाल विस्तार गर्‍यौँ । हामी साथीहरूलाई गुरिल्ला युद्ध, राजनीतिक, गुप्तचरीजस्ता विषयमा तालिम दिन्थ्यौँ । म त्यो समय निकै उत्साहित थिएँ । त्रान्सभाल, अरेन्ज फ्रि स्टेट, केप र नातालबाट मानिसहरू त्यहाँ आइरहन्थे । मजदुर सङ्गठनसँग सम्पर्कमा थिएँ । म साँच्चै जीवन्त सम्पर्कमा थिएँ । म भित्रबाहिर गरिरहन्थेँ । ब्रान्सकेको तेर्कस्पुरियटमा कामरेडहरूसँग भेट्थेँ । लेसोथोबाट म केपटाउन, जोहान्सबर्ग, डर्बानमा केही दिनका लागि साथीहरू परिचालन गर्थे । थोरै मात्र बैठक हुन्थे । हामी रणनीतिबारे छलफल गर्थ्यौँ । "थेनजिबे थिन्स्तो (Thenjiwe Mthinsto) जस्ता प्रतिभाशाली युवाहरू हामीसँग थिए । अफ्रिकी राष्ट्रिय काङ्ग्रेस र हाम्रो सङ्घर्षबिचको भिन्नताबारे हामी उनीहरूलाई बुझाउँथ्यौँ । तालिम दिइएकामध्ये राम्रा-राम्रा कार्यकर्तालाई देशभित्र परिचालन गर्थ्यौँ ।"

एमकेले लेसोथोलाई तालिम क्षेत्र, भर्तीकेन्द्र र दक्षिण अफ्रिकाभित्र छिर्ने मुख्य नाकाको रूपमा उपयोग गर्‍यो । क्रिस हानीका गतिविधि चाँडै केन्द्रीय गतिविधिको महत्त्वपूर्ण हिस्सा बने । सन् १९७५ मा हानी सैनिक कमिसारमा पदोन्नति भए । अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको राष्ट्रिय परिषद्मा उनलाई मनोनीत गरियो । तर, सन् १९७६ को सुरुतिर क्रिस हानीलाई लेसोथो प्रशासनले गिरफ्तार गर्‍यो । लेसोथो प्रहरी प्रशासनले दक्षिण अफ्रिकी प्रशासनसँग नजिक रहेर काम गर्थ्यो । हानी र उनीसँगै गिरफ्तार भएका कामरेडहरूलाई निर्मम यातना दिइयो । लेसोथो सरकारले हानी र मोलोइमाथि प्रतिबन्धित बीसीपी पार्टीलाई आर्थिक सहायता दिएको र लेसोथो सरकारको फर्जी कागजात बनाएको अभियोग लगाएको थियो । लेसोथो सरकार उनीहरूलाई दक्षिण अफ्रिकालाई सुपुर्दगी गर्ने तयारीमा थियो । तर, पार्टीको पहलले त्यो तयारी सफल भएन ।

सन् १९७६ ताका दक्षिण अफ्रिकाभित्र रङ्गभेदविरोधी काला सचेतना आन्दोलन (Black Consciousness Movement–BCM) त्यहाँका युवाहरूबिच निकै चर्चित थियो । १९७६ जून १६ को दिन २० हजार दक्षिण अफ्रिकी युवा विद्यार्थीले ऐतिहासिक प्रदर्शन गरे । 'अफ्रिकान' भाषा जबरजस्ती थोपरेको विरुद्धमा चर्केको त्यो सङ्घर्ष सेतो आन्दोलनको नामले चर्चित बन्यो । तर, तत्कालीन सरकारले त्यसलाई नराम्ररी दबाइदियो । हजारौँ युवाहरू देश छोड्न बाध्य भए । सन् १९७७ मा बीसीएमका नेता लिन्दा म्ती (Lingda Mti) को ३१ वर्षको उमेरमा कारागारभित्र हत्या गरियो । सरकारी दमनको कोपभाजनबाट बच्न देश छोडेका युवाहरूको लागि लेसोथो उपयुक्त आश्रयस्थल बन्यो । त्यहाँ उनीहरूको क्रिस हानीसँग भेट भयो । कालान्तरमा तत्कालीन समयको स्मरण गर्दै हानीले भने, "सन् १९७६ अफ्रिकी काङ्ग्रेस र सशस्त्र सङ्घर्षको निम्ति उपयुक्त समय थियो । किनभने, देशभित्रबाट ठूलो सङ्ख्यामा कार्यकर्ता हाम्रो सम्पर्कमा आएका थिए । ती कार्यकर्ताहरू फरक खालका थिए - आक्रोशित र अधैर्य । उनीहरू जतिसक्दो चाँडो रङ्गभेद अन्त्य गर्न चाहन्थे । ठूलो अपेक्षा र बलिदानी भावनाका साथ उनीहरू देशबाहिर समय खेर फाल्ने पक्षमा थिएनन् । उनीहरू देशभित्र गएर दैत्यसँग भिड्न चाहन्थे ।"

यसरी आएका युवाहरू ३४ वर्षका हानीको बौद्धिकता, दक्षिण अफ्रिकाभित्रको राजनीतिक अवस्था र उनको सरल व्यवहारबाट प्रभावित हुन्थे । उनीहरूलाई राजनीतिक प्रशिक्षण दिने काम हानीकै थियो । सबभन्दा प्रतिभाशाली र अनुशासित प्रशिक्षार्थीहरूलाई कम्युनिस्ट पार्टीको सदस्यता लिन उत्साहित गरिन्थ्यो । 'वर्गसङ्घर्षमा आधारित राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति' को पक्षमा हानीको दृष्टिकोण प्रस्ट थियो । कम्युनिस्ट पार्टीको सदस्यता पाउनु सम्मानको विषय थियो र त्यो काम गोप्यरूपमा हुन्थ्यो ।

प्रशिक्षण प्राप्त गरिसकेका युवाहरूलाई भूमिगत गतिविधिमा परिचालन गरिन्थ्यो । उनीहरू पार्टीको साहित्य प्रकाशनमा सहयोग गर्थे । तर, उनीहरू एकले अर्काको कामबारे थाहा पाउँदैनथे । सबैले भूमिगत नाम प्रयोग गर्थे । तालिमको प्रारम्भिक पाठ नै सुरक्षा प्रबन्धसम्बन्धी हुन्थ्यो । देशभित्र पस्ने टोलीमा दुईदेखि तीनजना मात्र हुन्थे । प्रत्येक टोलीको एकजना टोली नेता हुन्थ्यो र त्यो टोली नेता हानीको प्रत्यक्ष सम्पर्कमा रहन्थ्यो । त्यस्ता टोलीको आयु बढीमा तीन वर्षको मात्र हुन्थ्यो । लेसोथोमा हतियार प्रायशः चिहानघारीमा लुकाउने गरिन्थ्यो ।

सन् १९७८ को अक्टोबर महिनामा क्रिस हानी अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको टोलीमा सम्मिलित भई भियतनाम गए । गुरिल्ला युद्धसम्बन्धी भियतनामी अनुभवबाट सिक्नु नै भ्रमणको प्रमुख लक्ष्य थियो । उत्तर र दक्षिण भियतनामबिचको समन्वयकारी गुरिल्ला युद्धले अमेरिकी साम्राज्यवादलाई समेत लघारेको थियो । मुक्तिकामी दक्षिण अफ्रिकी योद्धाहरू त्यो पद्धति सिक्न लालायित थिए ।

लेसोथोबाट भूमिगत गतिविधिलाई तीव्रता दिने क्रम चालू थियो । त्यसैबिच सन् १९७८ मा क्रिसकी श्रीमती लिम्फो हानी गिरफ्तारीमा परिन् । लेडीब्रान्डबाट पश्चिमी केपमा खबर पुऱ्याउने क्रममा उनलाई गिरफ्तार गरिएको थियो । आतङ्कवाद नियन्त्रण ऐनअन्तर्गत उनलाई सुरुमा केपटाउन र पछि ब्लोयमफोटियन लगियो । चरम यातनाले उनको गर्भसमेत तुहियो ।

लेसोथोमा क्रिस हानीको निवासलाई 'मस्को' भनिन्थ्यो । त्यहाँ गुप्तचरहरूको सदैव निगरानी हुन्थ्यो । धेरैपटक हानीको हत्या प्रयास पनि भएको थियो । प्रातःकालीन भ्रमणको क्रममा उनको हत्या प्रयास भएको थियो । तर, दैनिकरूपमा फरकफरक बाटो प्रयोग गर्ने भएकाले तिनीहरू असफल हुन्थे । दक्षिण अफ्रिकी सरकार लेसोथोमा हानीको नेतृत्वमा भइरहेका गतिविधिबारे क्रमशः सचेत बन्दै थियो । त्यसकारण, दक्षिण अफ्रिकी सरकारले हानीको हत्या गर्न उनले प्रयोग गरेको कारमा विस्फोटक पदार्थ जडान गरी विस्फोट गरायो । तर, त्यसबाट कुनै मानवीय क्षति भएन । हानीको गाडीका चालकलाई अपहरण गरी अमानवीय यातना दिइयो ।

कार विस्फोटको घटनापछि हानी परिवार 'मस्को' नामको घर छोडेर क्युना फ्ल्याटमा सर्‍यो ।

सन् १९८२ मा लेसोथोमा एमकेका केही उल्लेखनीय कारबाही भए । लाङ्गा आयुक्तको अदालतमा मार्च २० मा बम विस्फोट गराइयो । जून ४ मा केपटाउनस्थित राष्ट्रपतिको परिषद् भवनमा अर्को बम विस्फोट गराइयो । त्यस्तै पूर्वी केपमा पनि केही विस्फोट गराइए । ती घटनापश्चात् अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको नेतृत्वले हानीलाई लुसाका आउन निर्देशन दियो । हानीको अनेक पटकको हत्या प्रयासका कारण उनलाई त्यता बोलाइएको थियो । तर, हानीको लुसाका प्रस्थानसँगै लेसोथोमा गतिविधि नेतृत्वविहीन बन्न पुग्यो ।

दक्षिण अफ्रिकी मुक्ति सङ्घर्षमा क्रिस हानीको सक्रिय नेतृत्वसँगै सरकारले उनीविरुद्धको हमला तीव्र पारेको थियो । 'द सिटिजन' लगायत सरकार पक्षधर सञ्चारमाध्यमहरूले उनीविरुद्धको दुष्प्रचारलाई व्यापक बनाएका थिए । ती सञ्चारमाध्यमहरूले हानीलाई 'रक्तपिपासु कालो कम्युनिस्ट' का रूपमा चित्रण गरेका थिए । काला अफ्रिकी जनता बस्ने सहर र गाउँबस्ती त्यतिबेला अशान्त थिए । गुप्ती प्रहरी र सेनाको सक्रियता



बढ्दो थियो । सरकार स्वयम् काला जातिको हत्या, आतङ्क र हिंसामा तल्लीन थियो । युवा र ज्येष्ठ नागरिकहरूको निर्मम हत्याका समाचार दैनिकजसो छापिन्थे । महिलाहरू बलात्कृत हुन्थे, स्कूले केटाकेटीसमेत कुटपिटको सिकार बन्थे । त्यहाँ काला जातिका जनता अर्को दिन बाँच्ने हो होइन, ठेगान हुन्थेन । यस्तो परिस्थितिमा हानीले भने, "गोराहरूले यतिबेला देश गृहयुद्धमा भएको बुझ्न आवश्यक छ ।" तर, गोराहरूका बस्ती भने शान्त थिए । "उनीहरूको जीवन राम्रो छ । उनीहरू सिनेमा हेर्न जान्छन् । भोजभतेरमा मोजमस्ती गर्छन् । होटेलमा निर्भय रमाउँछन् । त्यसले उनीहरूको जीवन सुन्दर भएको प्रस्ट देखाउँछ । हाम्रो पार्टीको एउटा कार्यक्रम त्यो सुन्दर जीवन बिथोल्नु पनि हो," एउटा अन्तर्वार्तामा ३९ वर्षीय हानीले भनेका थिए ।

दक्षिण अफ्रिकाका गोराहरूको एक समूह भने अफ्रिकी राष्ट्रिय काङ्ग्रेससँग वार्ता गर्न जाम्बिया पुग्यो । काङ्ग्रेस सभापतिले आफ्नो वार्ता टोलीमा हानी र थाबो एम्बेकीलाई समावेश गरेका थिए । हानी र एम्बेकी दुई दिशाका भिन्न पात्र थिए । एम्बेकी अधैर्य स्वभावका थिए । हानी कम्युनिस्ट विचारधाराप्रति प्रतिबद्ध थिए । एम्बेकी मूलतः बेलायतका उदार सामाजिक प्रजातन्त्रवादीहरूबाट प्रभावित थिए । सन् १९७०-१९८० को दशकमा एम्बेकी पनि कम्युनिस्ट पार्टी सदस्य थिए । तर, पछि उनले त्यसबाट राजीनामा दिए । उनी भावुकतावश र कम्युनिस्ट पार्टीको बौद्धिक प्रस्तुतिका कारण मात्र त्यसको सदस्य बनेका थिए । हानी र एम्बेकीबिच मतभेदहरू थिए । एम्बेकी स्वतन्त्रता सङ्घर्षलाई प्रजातान्त्रिक दिशातर्फ डोऱ्याउन चाहन्थे । हानी मुक्ति आन्दोलनलाई आमूल परिवर्तनसँग जोड्न चाहन्थे । यही मतान्तरका कारण सन् १९८७ मा सेनेगलको डकारमा दक्षिण अफ्रिकी प्रजातान्त्रिक विकल्प प्रतिष्ठानसँगको वार्तामा हानी सहभागी भएनन् । हानीबारे दक्षिण अफ्रिकी प्रजातान्त्रिक विकल्प प्रतिष्ठानका संस्थापक आलेक्स बोरानीले आफ्नो संस्मरणमा लेखेका छन्, "उनी दृढ निश्चयी मार्क्सवादी थिए । उनी मूलतः दक्षिण अफ्रिकामा आर्थिक न्यायको कुरा गर्थे । निःसन्देह त्यतिबेला उनी समाजवादी ढाँचाको अर्थतन्त्रप्रति गम्भीर ढङ्गले कटिबद्ध थिए । उनी डकार वार्तामा सहभागी भएनन् र उनीसँग मेरो दोस्रोपटक भेट पनि भएन । तर, उनका भाषण र पहिलो भेटपछि उनीप्रति मेरो धारणा यस्तो रह्यो । उनी ज्यादै विद्वान्, गम्भीर प्रकृतिका व्यक्ति हुन् ।"

सन् १९८५ जुलाईमा दक्षिण अफ्रिकाको सत्तासीन नेसनल पार्टीको सरकारले काला जातिका जनता बस्ने सहरमाथि नियन्त्रण जमाउन आंशिक सङ्कटकाल थोपर्‍यो । तर, त्यही वर्ष युरोपेली आर्थिक समुदाय आयोगले दक्षिण अफ्रिकाबाट लगानी फिर्ता गर्न आह्वान गरेपछि समुदायका १० देशहरूले तत्काल लगानी रोके । फ्रान्सले लगानीमाथि प्रतिबन्ध नै लगायो । यसले नेसनल पार्टीलाई संवादको बाटोमा आउन बाध्य पार्‍यो । यद्यपि नाकाबन्दीको सिकार फेरि पनि दक्षिणी अफ्रिकी शोषितपीडित जनता नै भए । जनताको जीवन थप कष्टकर बन्यो, गोराहरूको जीवनमा भने कुनै तलमाथि भएन ।

**मन्डेलापछिका लोकप्रिय नेता**

सन् १९८५ मा दक्षिणी अफ्रिकी कम्युनिस्ट पार्टीको छैटौँ महाधिवेशन मस्कोमा भयो । महाधिवेशनले भर्ती प्रक्रियालाई व्यापक बनाउने तय गरेसँगै सशस्त्र सङ्घर्षको नीति अझ प्रस्टसँग पारित गऱ्यो । क्रिस हानी सर्वाधिक मतका साथ पोलिटब्युरो सदस्य निर्वाचित भए । उनी नेल्सन मन्डेलापछि सबभन्दा लोकप्रिय नेताका रूपमा स्थापित भए । त्यही वर्ष अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको काब्वेमा सम्मेलन भयो । पहिलोपटक काङ्ग्रेसको राष्ट्रिय कार्य समिति निर्वाचित गरियो । त्यहाँ पनि हानी लोकप्रिय नेताको रूपमा चुनिए । नेतृत्वलाई जनता र कार्यकर्ताप्रति उत्तरदायी बनाउन काङ्ग्रेसले पहिलोपटक चुनावबाट नेतृत्व चयन गरेको थियो । काङ्ग्रेसमा निर्वाचित २९ केन्द्रीय सदस्यमध्ये २४ जना कम्युनिस्ट थिए । काङ्ग्रेस सभापति जिओ स्लोभोलगायत पोलिटब्युरो सदस्यहरूमा हानीसहित पाँचजना कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्यहरू थिए । हानी त्यो सम्मेलनबाट सेनाको उपप्रमुख तथा कमिसार अनि काङ्ग्रेसको राजनीतिक सैनिक परिषद्को सदस्यमा पनि निर्वाचित भए । सन् १९७६ यता फेरि एकपटक उनी काङ्ग्रेसको क्रान्तिकारी परिषद्को सदस्यमा चुनिए । काब्वे सम्मेलनपछि हानीको जिम्मेवारी बढेको थियो र मुक्ति आन्दोलनका सबै अङ्गमा उनको प्रभाव विस्तार भयो । यसअघि सन् १९८३ को सुरुतिर रुवान्डामा भएको सम्मेलनमा काङ्ग्रेसको राजनीतिक र सैनिक अङ्गबिच उपयुक्त समन्वय नहुँदा त्यो सम्मेलन परिणामशून्य भएको थियो ।

सन् १९८० को दशक दक्षिण अफ्रिकामा हत्याहिंसा, अपहरण, डकैती र दमनको दशक बन्यो । सन् १९७८ मा प्रधानमन्त्री जोन भोर्स्टर (John Vorster) लाई पदबाट राजीनामा दिन बाध्य पारियो । उनको ठाउँ रक्षामन्त्री पीडब्ल्यू बोथा (PW Botha) ले लिए । राष्ट्र प्रमुख र सरकार प्रमुख एकैजना व्यक्ति हुने गरी संविधान संशोधन गरियो । बोथाले दक्षिण अफ्रिकालाई पूर्णतः सैनिक शासनतर्फ धकेलिदियो । दक्षिण अफ्रिकी प्रहरी, सुरक्षा फौज (SADF), नवगठित अघोषित हत्यारा दल, नृशंस कोभेइट (Koevoet), दक्षिण-पश्चिम अफ्रिकी प्रहरी प्रत्याक्रमण दल आदि सबै रक्तपातपूर्ण अपराधहरूमा सक्रिय रहे । उनीहरू अफ्रिकाका अन्य देशहरूमा स्वतन्त्रता आन्दोलनका योद्धाहरूको हत्यामा समेत संलग्न रहेका थिए ।

बोथा सरकारअन्तर्गतको सुरक्षा फौजले हरारेमा अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको जिम्बाब्वे समितिका प्रमुख जो गाबी (Joe Gqabi) को सन् १९८१ मा हत्या गऱ्यो । क्रिस हानीको गाडी चालक एवम् विश्वासपात्र सिज्वी कोन्डायल पनि बोथा सरकारको षड्यन्त्रमा मारिए । सन् १९८३ मा स्वाजिल्यान्डमा प्रवासमा रहेका काङ्ग्रेस नेता ज्वेली नायदाको हत्या गरियो । आन्तरिक सुरक्षा ऐनको आडमा उनीहरूले अरू धेरै रङ्गभेदविरोधी नेता-कार्यकर्ता र अभियन्ताहरूको हत्या गरे । उनीहरूले काङ्ग्रेस नेताहरू बसेका ठाउँ/घरमा बम विस्फोट गराउँथे । सन् १९८७ मा स्वाजिल्यान्डमा काङ्ग्रेसका अर्का वरिष्ठ नेता कासियस माकेको हत्या भयो । सन् १९८८ मा काङ्ग्रेसका पेरिस प्रतिनिधि दुल्से सेप्टेम्बरको पनि हत्या भयो ।

बोथाको दमनचक्रबिच राष्ट्रिय काङ्ग्रेसको सक्रियता अझ बढेको थियो । प्रमुख नेता टाम्बोमार्फत पार्टीलाई सहायता गर्नेहरूको सङ्ख्या अझ बढेको थियो । ३४ ओटा देशमा काङ्ग्रेसका प्रतिनिधि वा कार्यालय थिए । भर्खर स्वतन्त्र भएको देश जिम्बाब्वे र त्यहाँका प्रधानमन्त्री रोबर्ट मुगाबेजस्ता समग्र अफ्रिकी महादेशको स्वतन्त्रताका पक्षपातीहरूले दक्षिण अफ्रिकी मुक्ति आन्दोलनप्रति अतुलनीय सद्भाव प्रदर्शन गरेका थिए ।

सन् १९७० को दशकमा स्थापित एमकेको अङ्गोला शिविरमा जहिलेसुकै युद्धमा जान तयार तालिम प्राप्त १० हजारभन्दा बढी लडाकु थिए । तर, नेतृत्वले प्रस्ट कार्यदिशा दिन नसक्दा ती लडाकुहरूमा असन्तोष र निराशा छाएको थियो । उनीहरूले भावना बुझ्न सक्ने नेताका रूपमा क्रिस हानीलाई मात्र देखेका थिए । किनभने, उनी लडाकुहरूसँगै सुत्थे, तालिम लिन्थे र सामान्य कार्यकर्ताजस्तो व्यवहार गर्थे । गुप्तचरभित्र छिर्न सक्ने र आक्रमणको खतरा देखाएर पार्टीका अरू नेताहरूले लडाकुहरूलाई स्वयम्सेवकका रूपमा नभई कैदीको रूपमा व्यवहार गरेका थिए । यस्तो असन्तोषबिच लडाकुहरूले बेलाबखत विद्रोहसमेत गरे । सन् १९८४ मा भायना शिविर र पाङ्गो शिविरमा त्यस्ता विद्रोह भएका थिए । लडाकुहरूले हातहतियार कब्जा गरेर आफ्ना कमान्डर र अरू सिपाहीहरूको हत्या गरेका थिए । त्यस्ता गतिविधिले स्वतन्त्रता सङ्घर्षलाई क्षति पुऱ्याएको थियो ।

अङ्गोलाका शिविरहरूमा भएका यस्ता गडबडीबारे सत्यतथ्य अध्ययन गर्न अध्ययन समितिहरू गठन भए र तिनले सन् १९८४ सम्ममा शिविरका अधिकांश सदस्य त्यहाँका प्रशासकहरूसँग असन्तुष्ट भएको निचोड निकाले । खाना आपूर्ति, आवश्यक सामग्रीको उपलब्धतामा समस्या र महिला कामरेडहरूप्रतिको दुर्व्यवहार नै उनीहरूका प्रमुख असन्तुष्टिका विषय थिए । प्रशासकहरू बढी सुविधाभोगी हुने र सामान्य लडाकुलाई विभेद गर्दा असन्तुष्टि चुलिएको थियो । खेतीपातीका हिसाबबाट राम्रो ठाउँमा अवस्थित शिविरमा समेत कुहिएको तरकारी र फलफूल खुवाउनु, सजिलै पानी निकाल्न मिल्ने ठाउँमा समेत टाढाटाढाबाट पानी ओसार्न लगाउनु, नियमित स्वास्थ्योपचारको बन्दोबस्त नहुनु आदि कारणले लडाकु शिविर सरकारकै कुनै यातनागृहजस्ता बनेका थिए ।

कार्यकर्ता र लडाकुको भावना नजिकबाट सुन्ने र बुझ्ने नेता भएकाले क्रिस हानी यस्तो दुरवस्थाबाट आक्रोशित थिए । उनले भने, "यसरी हामीले मानिसहरूलाई बन्दी बनाउँदा सरकारसँग राजनीतिक बन्दीहरू रिहा गराउन माग गर्ने हामीसँग कुनै नैतिक हक हुनेछैन । हाम्रो नाममा त्यहाँ अन्याय र गलत काम भइरहेका छन् ।"

अङ्गोलाका लडाकुहरूको मनस्थिति क्रिस हानीले राम्ररी बुझेका थिए । किनभने, सन् १९६९ मा बोत्सवाना कारागारबाट मुक्त भएपछि उनले पनि त्यस्तै अवस्था सामना गर्नुपरेको थियो र ज्ञापनपत्र बुझाएको भन्दै कारबाहीसमेत भोग्नुपरेको थियो । लडाकुहरूलाई नियमित राजनीतिक कक्षा र असल नेतृत्वको अभाव भएकोले अङ्गोलामा त्यो अवस्था आएको हानीलाई राम्रोसित थाहा थियो । शिविर सुरु हुँदा क्युवाली प्रशिक्षक र पार्टीको नेतृत्वमा शिविर व्यवस्थित, सुसंस्कृतरूपमा उच्च तहको सैनिक तालिम सञ्चालन हुन्थे । राजनीतिक तालिम र स्तरवृद्धिलाई जोड दिइन्थ्यो । कसैले गल्ती गरे रचनात्मक सजाय दिइन्थ्यो र त्यसमा कार्यकर्ताकै पनि संलग्नता हुन्थ्यो । प्रशासन र लडाकुबिचको दैनिक सम्बन्ध बलियो र मैत्रीपूर्ण हुन्थ्यो । तर, सन् १९७९ मा नोभ कातेङ्गा शिविरमाथि दक्षिण अफ्रिकी हवाई सेनाले हमला गरेपछि सबै शिविरको अवस्था क्रमशः बिग्रँदै गयो । अङ्गोलाकै युनिटा दलको पटकपटकको आक्रमणलाई चुपचाप सहने परिपाटीले पनि दक्षिण अफ्रिकी लडाकुहरूमा हतास मानसिकता छाएको थियो ।

दक्षिण अफ्रिकाभित्र फिर्ता पठाइएका कार्यकर्तामध्ये ६० प्रतिशत गिरफ्तार भएकाले पार्टीमा सरकारी गुप्तचर घुसेको आशङ्का प्रबल थियो ।

तत्कालीन लडाकु शिविरभित्र भए गरेका ज्यान सजायबारे अनुसन्धान गर्न पछि गठित आयोगमा बोल्दै त्यतिबेलाका दक्षिण अफ्रिकाका उपराष्ट्रपति थाबो एम्बेकीले सन् १९८० देखि १९८९ सम्म सैनिक विद्रोह, हत्या र बलात्कारको आरोपमा कम्तीमा ३४ जना लडाकुलाई ज्यान सजाय दिइएको बताए । क्रिस हानी लडाकुहरूको जथाभावी हत्याको विपक्षमा थिए । उनले भने, "एकजना कम्युनिस्टको नाताले मैले सधैँ व्यक्तिको मानव अधिकार रक्षा गर्नुपर्नेमा विश्वास गरेँ । कोही हाम्रो शत्रु नै भए पनि हामीले यातना र कुटपिट गर्नुहुन्न भन्ने मेरो विचार हो । यसो भनेर मैले राष्ट्रिय परिषद्मा धेरैलाई चिढाएको छु । तर, त्यहाँ यस्तो विचार राख्ने म मात्र थिइनँ ।"

***स्रोत : स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा***

# चीनका राष्ट्रपति सी र बेलारुसका नेता लुकासेन्कोबिच भेटवार्ता



पेइचिङ, १५ असार (एएफपी)। चिनियाँ राष्ट्रपति सी चिनफिङले सोमबार बेलारुसका नेता अलेक्जेन्डर लुकासेन्कोसँग भेट गर्नुभएको चिनियाँ सञ्चारमाध्यमले जनाएका छन्। लुकासेन्को रुसका प्रमुख सहयोगी मानिनुहुन्छ।

चीनको राष्ट्रिय टेलिभिजन प्रसारक सीसीटीभीका अनुसार राष्ट्रपति सीले बेलारुसी नेता लुकासेन्कोलाई भव्य डायोयुताई अतिथि गृहमा स्वागत गर्नुभएको हो।

'चीन-बेलारुस सम्बन्धले अन्तर्राष्ट्रिय चुनौतीहरूको परीक्षा झेलेको' छ तर यो अब 'इतिहासको सबैभन्दा राम्रो कालमा प्रवेश' गर्दैछ," चीनको विदेशमन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

राष्ट्रपति सीले बेलारुसी समकक्षी लुकासेन्कोलाई दुई देशले 'सबै क्षेत्रका स्रोतहरूलाई परिचालन गरेर 'बेल्ट एन्ड रोड इनिसिएटिभ' को निर्माणलाई प्रवर्धन गर्नुपर्ने र व्यावहारिक सहयोगलाई समृद्ध बनाउनुपर्ने' बताएको विज्ञप्तिमा उल्लेख छ। बेलारुसका नेताको यो भ्रमण गत हप्ता उहाँले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट गरेपछि भएको हो।

सन् १९९४ देखि सत्तामा रहेका लुकासेन्कोले मस्कोलाई सन् २०२२ मा युक्रेन आक्रमणका लागि बेलारुसबाट बाटो दिन अनुमति दिनुभएको थियो तर युद्धमा प्रत्यक्ष संलग्न हुने योजना अस्वीकार गर्नुभएको थियो।

नाटोको पूर्वी सीमासँग जोडिएको बेलारुसले रुसको पछिल्लो आणविक क्षमतायुक्त मिसाइल 'ओरेश्निक' राखेको छ।

चीनले द्वन्द्वभरि आफूलाई तटस्थ पक्षको रूपमा प्रस्तुत गर्दै आएको छ, यद्यपि किएभका सहयोगीहरूले पेइचिङले गुप्त रूपमा मस्कोलाई सहयोग गरिरहेको आरोप लगाउँदै आएका छन्।

नेता लुकासेन्कोले चिनिया राष्ट्रपति सीसँग पछिल्लो पटक सन् २०२५ को अगस्टमा भेट गर्नुभएको थियो। त्यसको केही दिनपछि उहाँ पेइचिङमा भएको ठूलो सैन्य कवाजमा सहभागी हुनुभएको थियो।

# इरानको बहराइनलाई चेतावनी

तेहरान, १५ असार (एएनआई)। पश्चिम एसियामा तनाव पुनः चर्किरहेका बेला इरानले बहराइनलाई कडा चेतावनी दिएको छ। इरानका सर्वोच्च नेताका वरिष्ठ सल्लाहकार अली अकबर बेलायतीले बहराइनलाई आफ्नो सीमा



ननाघ्न र इरानलाई कठोर कदम चाल्न बाध्य नपार्न चेतावनी दिनुभएको छ।

तस्निम समाचार संस्थाका अनुसार बेलायतीले बहराइनलाई आफ्ना गतिविधिबारे सावधानी अपनाउन आग्रह गर्दै कुनै पनि उक्साहटको जवाफ इरानले कडा रूपमा दिने बताउनुभयो। इरानले अमेरिकाले आफ्नोविरुद्ध सैन्य कारबाही गर्न खाडी क्षेत्रमा रहेका आधारहरू प्रयोग गरेको आरोप लगाउँदै आएको छ।

तेहरानले शुक्रबार र शनिबार बहराइनस्थित अमेरिकी नौसैनिक अड्डालाई निशाना बनाएको दाबी गरेको थियो। तर बहराइनसहित खाडीका अन्य मुलुकहरूले उक्त आरोप अस्वीकार गरेका छन्। बहराइनले पछिल्ला आक्रमणले आफ्नो सार्वभौमिकताको उल्लङ्घन गरेको र क्षेत्रीय स्थिरता कमजोर बनाएको जनाएको छ।

यसबिच अमेरिका र इरानबिच कतारको राजधानी दोहामा भएको वार्तामा दुवै पक्षले सैन्य आक्रमण रोक्ने र कूटनीतिक संवादलाई निरन्तरता दिने सहमति गरेका छन्। एक्सियोसका अनुसार दुवै देशले प्रत्यक्ष सैन्य गतिविधि रोक्ने निर्णय गरेका छन् र प्राविधिक तहका वार्ता जारी राख्न सहमत भएका छन्।

हालको तनावको केन्द्रमा हर्मुज जलघाँटी रहेको छ। व्यापारिक जहाजहरूको आवागमन र सुरक्षासम्बन्धी सम्झौताका विभिन्न व्याख्याका कारण दुवै पक्षबिच मतभेद बढेको हो। प्रारम्भिक समझदारीअनुसार इरानले जलमार्गको सुरक्षा सुनिश्चित गर्ने र अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाउने सहमति भएको थियो।

गत साता स्विट्जरल्यान्डमा भएको वार्तामा अमेरिकी र इरानी पक्षबिच जलमार्गमा हुने ढुवानी समन्वयका लागि प्रत्यक्ष सञ्चार संयन्त्र स्थापना गर्ने विषयमा पनि छलफल भएको थियो। तर इरानले जहाजहरूले आफ्नो सेनासँग प्रत्यक्ष समन्वय गर्नुपर्ने नयाँ माग अघि सारेपछि उक्त योजना कार्यान्वयन हुन सकेन।

इरानले अमेरिकाले समझदारीका मुख्य सर्तहरू पूरा नगरेको आरोप लगाउँदै निर्धारित प्राविधिक वार्ता रद्द गरेको छ। इरानी अधिकारी मेहदी फजाइलीले इरानका रोक्का गरिएका वित्तीय सम्पत्तिमा पहुँच उपलब्ध गराउने विषय पनि वार्ता अवरुद्ध हुनुको एउटा प्रमुख कारण रहेको बताउनुभयो।

पश्चिम एसियामा पछिल्ला सैन्य गतिविधि, हर्मुज जलघाँटीको सुरक्षा र अमेरिकी सैन्य उपस्थितिलाई लिएर बढ्दो तनावकाबिच इरानको बहराइनप्रति आएको यो चेतावनीले क्षेत्रीय अस्थिरता थप बढ्न सक्ने चिन्ता उत्पन्न गरेको छ।

# अफगानिस्तानमा पाकिस्तानी आक्रमण

इस्लामाबाद, १५ असार (एएफपी)। पाकिस्तानले पूर्वी अफगानिस्तानमा रातभर गरेको हवाई तथा स्थलगत कारबाहीपछि दुई छिमेकी मुलुकबिचको तनाव फेरि चर्किएको छ। पाकिस्तानले उक्त कारबाही आतङ्कवादी समूहविरुद्ध लक्षित रहेको दाबी गरेको छ भने तालिबान नेतृत्वको अफगान सरकारले हवाई आक्रमणमा दर्जनौँ सर्वसाधारण मारिएको वा घाइते भएको जनाएको छ।

पाकिस्तानका सूचनामन्त्री अत्ताउल्लाह तरारले कराचीमा सप्ताहान्तमा भएको घातक आक्रमणमा संलग्न समूहलाई निशाना बनाएर अफगानिस्तानको पाक्तिया, पाक्तिका र कुनार प्रान्तमा सटीक हवाई आक्रमण गरिएको बताउनुभयो। उहाँका अनुसार उक्त कारबाहीमा २५ जना आतङ्कवादी मारिएका छन् भने सीमावर्ती क्षेत्रमा सञ्चालन गरिएको स्थलगत कारबाहीमा थप चार जना लडाकू मारिएका छन्। पाकिस्तानले प्रतिबन्धित तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) बाट अलगिएको जमात-उल-अहरार समूहलाई लक्षित गरिएको जनाएको छ।

यता तालिबान सरकारले तीनवटै पूर्वी प्रान्तमा भएका आक्रमणका कारण ठूलो मानवीय क्षति भएको दाबी गरेको छ। तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले सैन्य कारबाहीको निन्दा गर्दै यसलाई 'कायरतापूर्ण आक्रमण' को संज्ञा दिनुभएको छ। अफगान अधिकारीहरूले आफ्नो भूमिमा विदेशी विद्रोही समूहलाई आश्रय दिएको आरोप निरन्तर अस्वीकार गर्दै आएका छन्।

सन् २०२१ मा तालिबान पुनः सत्तामा आएयता पाकिस्तान र अफगानिस्तानबिचको सम्बन्ध निरन्तर तनावपूर्ण रहँदै आएको छ। फेब्रुअरीमा एक सातासम्म चलेको भीषण सङ्घर्षपछि दुवै देशले मार्चमा युद्धविराममा सहमति गरेका थिए, तर त्यसयता सीमावर्ती क्षेत्रमा छिटफुट हिंसात्मक घटना दोहोरिँदै आएका छन्। अफगान अधिकारीहरूका अनुसार जुन महिनामा भएको पाकिस्तानी आक्रमणमा कम्तीमा १३ जनाको ज्यान गएको थियो।

पछिल्लो घटनाको पृष्ठभूमिमा कराचीस्थित रेन्जर्स अर्धसैनिक शिविरमा शनिबार भएको आक्रमणलाई लिइएको छ। विस्फोटक पदार्थ र गोली प्रहार गरिएको उक्त घटनामा तीन जना अर्धसैनिक जवान मारिएका थिए। पाकिस्तानले घटनामा संलग्न व्यक्तिहरूमध्ये एक अफगान नागरिकलाई पक्राउ गरिएको जनाएको छ।

इस्लामाबादले वर्षौँदेखि पाकिस्तानविरुद्ध हिंसात्मक गतिविधि सञ्चालन गर्दै आएका टिटिपीका लडाकूहरूको आश्रयस्थल र हतियार भण्डारलाई लक्षित गरेर सीमापार सटीक कारबाही गर्न बाध्य भएको बताएको छ। तर अफगान पक्षले आफ्ना भूभागलाई उग्रवादीहरूले प्रयोग गरेको आरोप अस्वीकार गर्दै आएको छ।

संयुक्त राष्ट्रसङ्घका अनुसार पछिल्ला महिनाहरूमा भएका पाकिस्तानी कारबाही तथा सीमावर्ती सङ्घर्षका कारण सयौँ व्यक्तिको ज्यान गइसकेको छ। फेब्रुअरीको अन्त्यतिर भएको युद्धमा सयौँ मानिस



मारिनुका साथै दशौँ हजार नागरिक विस्थापित भएका थिए। त्यसक्रममा सीमाक्षेत्रमा तीव्र लडाइँ भएको थियो भने तालिबानका सर्वोच्च नेता बस्ने दक्षिणी सहर कान्दाहारसहित विभिन्न अफगान सहरहरूमा अभूतपूर्व पाकिस्तानी हवाई आक्रमण भएका थिए।

चीनसहित विभिन्न देशहरूले मध्यस्थताको प्रयास गरे पनि दुई छिमेकी राष्ट्रबिच स्थायी समाधानको पहल सफल हुन सकेको छैन। गत अक्टोबरमा सीमापार हिंसा बढेपछि अधिकांश सीमा नाकाहरू आंशिक वा पूर्ण रूपमा बन्द भएका छन् र दुवै देशबिचको अविश्वास अझ गहिरिँदै गएको छ।

# बङ्गलादेशकी पूर्वप्रधानमन्त्री हसिना यसै वर्ष स्वदेश फर्किने

नयाँ दिल्ली, १५ असार (एएफपी)। विद्यार्थी नेतृत्वको विद्रोहपछि भारतमा निर्वासनमा रहेकी बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले यो वर्ष आफ्नो देश फर्किने प्रतिबद्धता जनाउनुभएको छ।

उहाँले आइतबार प्रकाशित एक अन्तर्वार्तामा आफू यसै वर्ष स्वदेश फर्किने उल्लेख गर्नुभएको छ।

उहाँविरुद्ध गत महिनाहरूमा मानवता विरुद्धको अपराधमा अनुपस्थितिमै मृत्युदण्डको फैसला सुनाइएको थियो।

सन् २०२४ को अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहले ७८ वर्षीया आवामी लिगकी नेतृसमेत रहनुभएकी पूर्वप्रधानमन्त्री हसिनाको १५ वर्ष लामो कठोर शासन अन्त्य गरेपछि सुरक्षाका लागि केही निकट आफन्तसहित उहाँ छिमेकी भारततर्फ भाग्नुभएको थियो।

त्यसपछि नयाँ दिल्लीको एउटा पत्रकार सम्मेलनमा जनवरीमा प्रसारित सम्बोधनमा बाहेक उहाँ सार्वजनिक रूपमा देखिनुभएको छैन।

भारतीय ब्रोडकास्टर एनडिटिभीसँगको अन्तर्वार्तामा हसीनाले आफू मृत्युसँग नडराउने बताउनुभएको छ। उहाँले आफूलगायतका आफ्ना सहयोगीविरुद्धको फैसलालाई 'अवैध, असंवैधानिक र राजनीतिक रूपमा प्रेरित' प्रक्रियाको एक भाग भन्नुभएको छ।

हसीनाले भन्नुभयो, "मेरो विरुद्ध धेरै षड्यन्त्र रचिएका छन्। तर हरेक षड्यन्त्रको जाल तोड्दै मलाई जनताको मतबाट पाँच पटक प्रधानमन्त्री चुनिएको छ र मैले लामो समय देशको अभूतपूर्व विकासमा काम गरेको छु।"

पूर्वप्रधानमन्त्री हसिनाले भन्नुभयो, "म स्पष्ट रूपमा भन्न चाहन्छु: हरेक बाधा र हरेक षड्यन्त्रलाई पार गर्दै यो वर्ष म आफ्नो देश फर्किनेछु।" गत नोभेम्बरमा ढाका अदालतले हसिनालाई उत्तेजना फैलाउने, हत्या आदेश दिने र अत्याचार रोक्न नसकेको अभियोगमा दोषी ठहर गर्दै मृत्युदण्डको सजाय सुनाएको थियो।

एक समय देशको सबैभन्दा लोकप्रिय दल उहाँको पूर्व सत्तारूढ दल अवामी लिगलाई कुनै गतिविधि गर्न अहिले प्रतिबन्धित गरिएको छ।

हसिनाको भारत पलायनपछि बनेको अन्तरिम सरकारका समय नेतृ हसिनालाई सुपुर्दगी गर्न तत्कालीन सरकारले भारतमाथि दबाब दिएपछि बिग्रिएको भारत र बङ्गलादेशबिचको सम्बन्ध अहिले निर्वाचित सरकार आएसँगै सुधारिएको छ। फेब्रुअरीमा प्रधानमन्त्री तारिक रहमानले १७ करोड जनसङ्ख्या भएको बङ्गलादेशको प्रधानमन्त्री बन्न भारी मतले चुनाव जितेपछि यो सुधार भएको हो। यद्यपि, तनाव अझै कायम छ। बङ्गलादेशले बारम्बार हसिनाको सुपुर्दगीको माग गरिरहेको छ।

# जलवायुको मारमा धानको सुरक्षा

✍ प्रगति ढकाल



काठमाडौँ, १५ असार । पछिल्लो समय जलवायु परिवर्तनको असरले बढाएको सुक्खा तथा खडेरीको असर प्रत्यक्ष रूपमा कृषि क्षेत्रमा देखिन थालेको छ । नेपालजस्तो धानखेतीमा आत्मनिर्भर बन्ने प्रयासरत मुलुकलाई जलवायुजन्य सङ्कटको सामना गर्न चुनौती थपिँदै गएको छ ।

जल तथा मौसम विज्ञान विभागले मनसुन अवधिमा औसतभन्दा कम वर्षा हुनसक्ने प्रक्षेपण गरिरहँदा यस वर्ष पनि धान रोपाइँलाई असर गर्नसक्ने भन्दै कृषकहरू चिन्तित देखिन्छन् । कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहप्रवक्ता तथा वरिष्ठ कृषि अर्थविज्ञ लालकुमार श्रेष्ठले मनसुनको समयमा औसतभन्दा कम वर्षा हुने प्रक्षेपण हुँदा बर्खे धानमा असर गर्नसक्ने भन्दै चिन्ता जनाउनुभयो । "नेपालमा सिँचाइको राम्रो व्यवस्था हुन नसक्दा आकासेपानीकै भरमा रोपाइँ हुने गरेको छ, वर्षा कम हुँदा वा ढिला हुँदा धान रोपाइँमा असर गर्नसक्ने र उत्पादनमा ह्रास आउन सक्छ," उहाँले भन्नुभयो ।

बदलिँदो जलवायु र सम्भावित वर्षा न्यूनताका कारण कृषि उत्पादनमा पर्नसक्ने असर न्यूनीकरण गर्न मौसम अनुकूल खेती प्रणाली अपनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । जलवायु तथा विपद् व्यवस्थापन डा. धर्मराज उप्रेतीले जलवायुजन्य सङ्कटसँगै निम्तिएको एल-निनोको प्रभाव पनि सक्रिय हुँदै गएकाले यस वर्षको मनसुन अवधिमा वर्षा कम हुने बताउनुभयो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत कृषि विभागले धानमा आत्मनिर्भर बन्न जलवायुमैत्री कृषि प्रविधिमा जोड दिएको छ । पछिल्लो समय जलवायु परिवर्तनको असरका कारण खडेरी बढ्न थालेको र कृषि उत्पादनमा हस आउनसक्ने भन्दै कृषि उत्पादकत्व बृद्धिका लागि जलवायुमैत्री कृषि प्रविधि अपनाउन मन्त्रालयले योजना पनि अगाडि बढाएको छ ।

देशभर मनसुन सक्रिय भए पनि अपेक्षाअनुसार वर्षा हुन नसक्दा कूल वर्षा औसतभन्दा उल्लेख्य रूपमा कम रहेको छ । जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कअनुसार जुन १ देखि २५ सम्म देशभर औसत १४९ मिमि वर्षा मापन भएको छ, जुन यस अवधिको औसत वर्षा (२१४ मिमि) को ६९.६ प्रतिशत हो । दैनिक औसतको ९० प्रतिशतभन्दा कम वर्षा मापन भएको विभागको तथ्याङ्कमा उल्लेख छ । विभागले यस मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ । यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेश प्रदेशका पूर्वी भू-भाग तथा कोसी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ ।

कृषि विभागका महानिर्देशक प्रकाशकुमार सन्जेलले जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरण गरी दिगो उत्पादन प्रणाली प्रवर्द्धन गर्नु जरुरी रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "विभिन्न अध्ययनले २०२६ को मध्यबाट एल-निनोको प्रभाव सुरु भइसकेको र यसले दक्षिण एसियाली मुलुकसहित नेपालमा सुक्खाको प्रकोप बढाउनसक्ने आँकलन गरिएको छ । गत वर्ष तराई क्षेत्रमा सुख्खाका कारण धान रोपाइँ प्रभावित भई उत्पादनमा प्रतिकूल असरसमेत परेको थियो ।"

धानबालीमा आत्मनिर्भरता हासिल गर्न चैते धानबालीको क्षेत्र विस्तार, उत्पादकत्व वृद्धिका लागि उन्नत बीउ उत्पादन तथा उपयोग प्रवर्द्धन, स्वदेशी उन्नत जात विकास, रासायनिक मल उपलब्धता सुनिश्चितता, प्रविधि प्रसार एवं बजार मूल्य सुनिश्चितताका लागि न्यूनतम समर्थन मूल्य निर्धारण प्राथमिकताका रहेको उहाँको भनाइ छ । सन्जेलले खेतीयोग्य जमिनको सीमितता तथा धानबालीको क्षेत्रमा आएको कमीका कारण उत्पादकत्व वृद्धि अपरिहार्य रहेको सन्दर्भमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव चुनौतीको रूपमा देखिएको बताउनुभएको छ । मौसमी वर्षामा निर्भर नेपालको खेती प्रणाली केही वर्षदेखि विभिन्न जलवायु सिर्जित प्रकोपबाट प्रभावित रहँदै आएको छ । सन् १९८१ को बाढी, २००८ को कोसी क्षेत्रमा आएको बाढी, २०१७ मा तराईमा आएको बाढी र २०२४ मा आएको बाढी पहिरोबाट नेपालका विभिन्न भूभाग प्रभावित भएका थिए ।

**कूल गार्हस्थ्य उत्पादनमा योगदान**

कृषि विभागका अनुसार कृषि गार्हस्थ्य उत्पादनमा धानबालीको करिब १३ प्रतिशत हिस्सा रहेको तथा कूल खाद्यान्न बाली उत्पादनमा धानबालीको हिस्सा ५० प्रतिशत रहेको छ । धानबालीको उत्पादनले मात्रै नेपालको कूल गार्हस्थ्य उत्पादनमा करिब दुई खर्ब बराबरको योगदान गरेको छ । राष्ट्रिय कृषि गणना २०७८ अनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक घरधुरीमध्ये २७ लाख ६५ हजार घरधुरी धानखेतीमा आवद्ध रहेका छन् र कूल खेती गरिएको जमिनमध्ये ५४ प्रतिशतमा धान खेती हुने गरेको छ ।

नेपाली कृषक परिवारको जनजीविका, कृषि उत्पादन, मुलुकको समग्र खाद्य सुरक्षा र अर्थतन्त्रमा योगदानका कारण नेपाल सरकारको दीर्घकालीन तथा आवधिक योजना एवं वार्षिक विकास कार्यक्रममा धानबाली प्राथमिकता प्राप्त बाली रहँदै आएको छ ।

**धानबालीको उत्पादकत्वमा वृद्धि**

विभागका अनुसार आव २०७६/७७ मा १४ लाख ५८ हजार ९१५ हेक्टरमा ५५ लाख ५० हजार ८७८ मे.टन धान उत्पादन भएकोमा आव २०८१/८२ मा १४ लाख २० हजार ६३६ हेक्टरमा ५९ लाख ५५ हजार ४७६ मे.टन धान उत्पादन भएको थियो । सन्जेलले विगत पाँच वर्षमा धानबालीको उत्पादकत्व ३.८० मे. टनप्रति हेक्टरबाट वृद्धि भई ४.१९ मे.टन प्रतिहेक्टर भएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पछिल्लो वर्षहरूमा धानबालीको क्षेत्रफल क्रमश: घट्दै गए तापनि उन्नत बीउबिजन तथा मलखाद प्रयोगमा वृद्धि एवं प्रविधि प्रसारका कारण उत्पादकत्वमा आएको वृद्धिले धानबालीको कूल उत्पादन वृद्धि भएको छ । नेपालमा करिब ७० लाख मे.टन धान आवश्यक रहेकामा विद्यमान उत्पादनका आधारमा करिब १० लाख मे.टन अपुग हुने देखिन्छ ।" उहाँका अनुसार केही वर्षयता उपभोक्ताको खानेबानीमा आएको परिवर्तनका कारण मसिना तथा बासनादार चामलको माग वृद्धि हुँदा धान चामलको आयात उल्लेख्य भएको छ ।

**जलवायु अनुकूलित खेती प्रणाली विकास आवश्यक**

महानिर्देशक सन्जेलले जलवायु अनुकूलित खेती प्रणाली विकासका लागि नेपाल कृषि अनुसन्धान परिषद्‌बाट सुक्खा सहन सक्ने सुक्खा-१, २, ३, ४, ५, ६, डुबान सहन सक्ने सावा मसुली सव-१ र सेहराङ सव-१ एवं सुख्खा तथा डुबान दुवै सहन सक्ने बहुगुणी-१ र २ जात विकास गरी किसानस्तरमा प्रवर्द्धनका कार्य भएको बताउनुभयो । उहाँले भन्नुभयो, "धानबालीका २५०० भन्दा बढी आनुवांशिक स्रोत राष्ट्रिय जीन बैङ्कमा सुरक्षित राखी जैविक विविधता संरक्षण, सम्बर्द्धन र जातीय विकासमा प्रयोग गरिएको छ । कालो धान, शुद्धोधन कालानमक, हरियो काउचिन, कालो पात्ले, रातो अनदी, जोरायेल बासमती, झिनुवा, एक्लेलगायतका जात दर्ता गरी धानबालीका पोषणयुक्त रैथाने जातको मूल्य शृङ्खला विकासको प्रयास गरिएको छ । यस्ता रैथाने तथा स्थानीय जात सूचीकरण गर्न कृषक समूह/समुदायलाई प्राविधिक र आर्थिक सहजीकरणको कार्य समेत हुँदै आएको छ ।"

विभागका अनुसार हाल १८ जिल्लाका ५८ स्थानीय तहमा सङ्घीय सशर्त वित्तीय हस्तान्तरणमार्फत चैते धान प्रवर्द्धन, गुणस्तरीय बीउमा किसानको पहुँच वृद्धिका लागि स्रोत बीउ उत्पादन तथा उन्नत बीउ उत्पादन तथा उपयोगमा अनुदानलाई प्रथामिकता दिइएको छ । प्रतिएकाइ जमिनबाट बढी उत्पादन लिन नेपालमा विकास गरिएको हर्दिनाथ-१ र ३ वर्णशङ्कर जात प्रवर्द्धन, २१ जोन र ५ सुपर-जोनमार्फत वर्षे तथा चैते धानमा यान्त्रिकीकरण प्रवर्द्धन र मूल्य शृङ्खला विकास, जलवायु सिर्जित जोखिमबाट किसानको व्यवसाय सुरक्षणका लागि बाली बीमा प्रिमियममा अनुदान एवं न्यूनतम समर्थन मूल्य निर्धारण कार्यक्रम कार्यान्वयन भइरहेका छन् ।

कृषि विभागबाट धानमा आधारित खेती र खाद्य प्रणालीको जलवायु उत्थानशील रूपान्तरण आयोजना यस वर्षबाट सुरुआत भई महोत्तरी, सर्लाही, नुवाकोट र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका आठ स्थानीय तहमा कार्यान्वयनमा आएको छ । विभागका अनुसार जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरणका लागि धान बालीमा उत्थानशील जात विकास, धानखेतीमा छरुवा प्रविधि, पालै पालो जमिन भिजाउने र सुकाउने तथा वर्षाको पानी सङ्कलनजस्ता प्रविधि विस्तारमा जोड दिइएको छ ।

**एल-निनोको तीव्र विकाससँगै विश्वव्यापी तापक्रम बढ्ने सम्भावना : डब्लुएमओ**

यस वर्ष तीव्र रूपमा विकसित भइरहेको एल निनोका कारण विश्वका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने तथा दक्षिण एसियासहित भारतीय उपमहाद्वीपमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको भन्दै चिन्ता जनाइएको छ । विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) अन्तर्गतको बहु-मोडेल मौसमी पूर्वानुमान प्रणालीले सार्वजनिक गरेको पछिल्लो मौसमी पूर्वानुमानअनुसार यस वर्षको सुरुआतमा कमजोर बन्दै गएको ला-निनाबाट प्रशान्त महासागरको अवस्था तटस्थमा पुगेको भए पनि आगामी महिनाहरूमा बलियो एल-निनो विकसित हुने सङ्केत देखिएको छ ।

प्रशान्त महासागरमा विकसित भइरहेको एल-निनोसँगै सकारात्मक आइओडीको प्रभावले दक्षिण एसियाली मनसुन प्रणालीमा थप असर पार्नसक्ने मौसमविद्‌हरूको भनाइ छ । पूर्वानुमानअनुसार उत्तरी अमेरिका, युरोप, अफ्रिका तथा एसियाका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने सम्भावना उच्च छ । दक्षिण तथा पूर्वी एसियामा तापक्रम वृद्धि हुने सम्भावना अझ बढी रहेको उल्लेख गरिएको छ । दक्षिणी गोलार्द्धका दक्षिण अमेरिका, दक्षिणी अफ्रिका तथा अस्ट्रेलियाका धेरै क्षेत्रमा पनि औसतभन्दा बढी तापक्रम रहने सङ्केत देखिएको छ । भूमध्यरेखीय अफ्रिका तथा समुद्री दक्षिणपूर्वी एसियामा समेत तापक्रम सामान्यभन्दा माथि रहने सम्भावना प्रबल छ ।

विभागको प्रवक्ता विभूति पोखरेलले नेपालमा मनसुन छ दिन ढिला गरी भित्रिए पनि राम्रो वर्षा भने हुन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "हाल कोसी, मधेस र वाग्मती प्रदेशका सम्पुर्ण भू-भाग, गण्डकी प्रदेशको केही भू-भाग र लुम्बिनी प्रदेशको पूर्वी भू-भागको थोरै स्थानमा मनसुनी वायुको प्रभाव रहेको छ । अन्य भू-भागमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको छ । साथै गण्डकी र लुम्बिनी प्रदेशको बाँकी भू-भाग, कर्णाली र सुदूरपश्चिम प्रदेशका सम्पूर्ण भू-भागमा यही सातामा मनसुन विस्तार हुने सम्भावना रहेको छ ।"

**आज धान दिवस**

विसं २०६१ देखि सुरुआत भएको राष्ट्रिय धान दिवस मनाउने परम्पराको २३ औँ संस्करण आज नेपाल कृषि अनुसन्धान परिषद्‌अन्तर्गत राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटारमा धान दिवस मनाइयो ।

प्रदेश तथा स्थानीय तहलाई समेत 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' नाराका साथ विविध कार्यक्रम आयोजना गरी राष्ट्रिय धान दिवस मनाउन अनुरोध गरिएको छ । यस दिवसले खाद्य तथा पोषण सुरक्षामा धानको योगदान एवं धानबाली प्रवर्द्धनमा नेपाल सरकारको प्रयास आम जनमानसमा पुग्न गई धानबाली प्रवर्द्धनमा सरोकारवालाको सामूहिक पहलको लागि ऊर्जा प्रदान गर्ने विश्वास लिइएको छ । ***रासस***


दर्ता नं.: ४७/०५५/५६ पान नं.: ३०१३७५१३९

"आपसी सहयोग, सदभाव र सामूहिक हितका लागि सहकारी"

**सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.**

Samuhik Saving & Credit Co-op. Society Ltd.

बोलाछें, भक्तपुर न.पा.-३, भक्तपुर । फोन नं.: ०१-६६१३५१२, ६६११२४

## भाखा नाघेको ऋणको सावाँ ब्याज तथा अन्य बक्यौता बुझाउनेबारे ३५ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/१६

उपरोक्त सम्बन्धमा तपसिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट ऋण लिँदा यस संस्थालाई लेखिदिएको तमसुक, सर्त सम्झौताबमोजिम संस्थालाई तिर्नुपर्ने ऋणको सावाँ, ब्याज तथा हर्जाना रकम तिर्न बुझाउन पटकपटक लिखित तथा मौखिक रूपमा तरताकेता गर्दासमेत बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनुपर्ने ऋणको सावाँ, ब्याज तथा हर्जाना र अन्य बक्यौता रकमसमेत हालसम्म चुक्ता नगरेकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बुझाउनका लागि सम्बन्धित ऋणी, धनजमानी एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । उक्त मितिभित्र बक्यौता रहेको सम्पूर्ण रकम नबुझाएमा ऋणीले संस्थालाई लेखिदिएको सर्तबमोजिम ३६ औँ दिनको दिन सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को दफा ३०, दफा ३२, दफा ३५ अनुसार निजको सम्पत्ति लिलाम बिक्री गरी संस्थाको लेना सावाँ, ब्याज तथा हर्जाना र अन्य बक्यौता रकम असुलउपर गरिने व्यहोरासमेत यसै सूचनाबाट जानकारी गराइन्छ । लिलामीसम्बन्धी विस्तृत विवरण संस्थाको सूचना पाटीमा टाँस गरिएको छ ।

| क्र.सं. | ऋणी सदस्यको तीनपुस्ते विवरण | ऋणी सदस्यको फोटो | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| १ | ऋणी : रुपा राजथला<br>स्थायी ठेगाना : भक्तपुर कटुञ्जे-८, गणेशस्थान<br>हालको ठेगाना : भक्तपुर जिल्ला, सू.न.पा. वडा नं ०६ गणेशस्थान<br>ना.प्र.नं. : ४०६४<br>जारी जिल्ला : भक्तपुर<br>जारी मिति : २०४४/१२/२२<br>सदस्यता नं : ००२-१८<br>पति : राम राजथला<br>ससुरा : जगतबहादुर राजथला |  | जमानी : राम राजथला<br>स्थायी ठेगाना : भक्तपुर कटुञ्जे-८, गणेशस्थान<br>हालको ठेगाना : भक्तपुर जिल्ला, सू.न.पा. वडा नं. ०६, गणेशस्थान<br>ना.प्र.नं.: ९१८/०९१<br>जारी जिल्ला : भक्तपुर<br>जारी मिति : २०४१/०५/०७<br>बुबा : जगतबहादुर राजथला |  |
| २ | ऋणी : रीना श्रेष्ठ<br>स्थायी ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर-१६<br>हालको ठेगाना : काठमाडौँ जिल्ला, जडीबुटी, वडा नं. ३२<br>ना.प्र नं. : २९-०१-०६७-०६१८७<br>जारी जिल्ला : भक्तपुर<br>जारी मिति : २०६७/०७/२५<br>सदस्यता नं : ००२-०७७<br>बाबु : पुरुषोत्तम श्रेष्ठ<br>बाजे : कृष्णकाजी श्रेष्ठ<br>श्रीमान् : लक्ष्मण पन्थी |  | जमानी : लक्ष्मी श्रेष्ठ<br>स्थायी ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर-१६<br>हालको ठेगाना : काठमाडौँ जिल्ला, जडीबुटी, वडा नं. ३२<br>ना.प्र नं. : २९०००९९<br>जारी जिल्ला : भक्तपुर<br>जारी मिति : २०५७/०८/०८<br>सदस्यता नं : ००२-०७८<br>बाबु : रामबहादुर श्रेष्ठ<br>पति : पुरुषोत्तम श्रेष्ठ<br>ससुरा : कृष्णकाजी श्रेष्ठ |  |
| ३ | ऋणी : रमेश बल्ल<br>स्थायी ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर-१६, हाल भक्तपुर जिल्ला, सू.न.पा वडा नं. ०८<br>ना.प्र नं. : २१४८९, जारी जिल्ला : भक्तपुर<br>जारी मिति : २०६१/०८/२२<br>सदस्यता नं : ००२-२१०<br>बाबु : नारायणकाजी बल्ल,<br>बाजे : नारायणभक्त बल्ल | | |  |

# नेपाललाई देशी तथा विदेशी जनविरोधी शक्तिहरूको क्रिडास्थलबाट रोक्न जरुरी

चितवन, १५ असार । चितवनमा रास्वपाको प्रथम महाधिवेशन नयाँ केन्द्रीय समिति चयनका साथै विभिन्न राजनैतिक प्रस्तावहरू पारित गरी सकिएको छ । रास्वपा महाधिवेशनबारेको समाचारले देशको प्रमुख पत्रपत्रिकाको मुखपृष्ठ भरिएको छ । 'पार्टी संस्थागत, कमान्ड लामिछानेकै' ('अन्नपूर्ण पोस्ट', १२ असार), 'अस्तव्यस्त महाधिवेशन, निराश प्रतिनिधि' ('नागरिक', शनिबार, १२ असार), 'किन उत्रियो रास्वपा प्रदेशसभा खारेजी पक्षमा ?' ('राजधानी', १२ असार) ।

माथि उल्लेखित पत्रपत्रिकाहरूले छापेका समाचारहरूमध्ये सबभन्दा बढी प्रदेशसभा खारेजी, स्थानीय तहको सङ्ख्या घटाउने, स्थानीय तह गैरदलीय बनाउने रास्वपाको प्रस्तावले विपक्ष पार्टीहरूको ध्यान खिच्यो । देशका प्रमुख विपक्ष दलहरू नेपाली काङ्ग्रेस र नेकपा (एमाले) ले उक्त प्रस्ताव सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संविधानको मूल मर्म/भावनाविपरीत रहेको जनाएका छन् । त्यस्तै, मधेशवादी विभिन्न दलहरूले त सङ्घीयताको मर्मविपरीतको प्रदेशसभा खारेजीको प्रस्ताव तत्काल फिर्ता लिन आग्रह गरेका छन् ।

'रास्वपा' पार्टीका शीर्ष नेताहरूको अभिव्यक्ति समय र परिस्थितिअनुसार फरक-फरक हुने गरेको छ । अर्थमन्त्री वाग्ले मन्त्री हुनुअगाडि देशले अरु बढी ऋण धान्न नसक्ने अभिव्यक्ति दिँदै तात्कालिक शासक दलको ऋण लिने नीतिको विरोध गरे । तर, आफू अर्थमन्त्री भएको सय दिन बित्न नपाउँदै ३८ अर्बभन्दा बढी ऋणको भार नेपाली जनतालाई बोकाइयो ।

प्रधानमन्त्री बालेनले चुनाव प्रचारको शिलशिलामा मधेशमा प्रदेश संरचना अझ बलियो बनाउन आफू लागिपर्ने आश्वासन दिएका थिए । तर, उनले प्रथम महाधिवेशनबाट प्रदेशसभा खारेजीको प्रस्ताव पारित गराए ।

समय-समयमा उठेको जनआन्दोलन, 'जनयुद्ध', मधेश आन्दोलन आदिको जगमा सङ्घीय देश लोकतान्त्रिक गणतन्त्रमा पुगेको हो । यहाँसम्म देश पुग्नुमा आफ्नै कथा-व्यथाहरू छन् ।

देशले थुप्रैका बलिदानपश्चात् पुराना शासक दलहरूको सत्तालिप्सा, लोभलालच, स्वार्थीपनका कारण भदौ २३ र २४ गतेको देशव्यापी उपद्रो व्यहोर्नुपरेकोमा दुईमत नहोला । तर, यहीं देशव्यापी उपद्रोको जगमा ठुलो पार्टी बनेको रास्वपाले पारित गरेको विभिन्न राजनीतिक प्रस्तावहरूको कारण देशमा फेरि पनि जातीय र क्षेत्रीय द्वन्द्व निम्तिन सक्नेबारे आम जनता सशङ्कित छन् ।

देश चलाउन युवा जोश मात्र पनि अपर्याप्त हुने गरेको विभिन्न देशको इतिहासले सिकाएको छ । राजनीतिमा शब्द-शब्दमा सोच विचार गरी बोल्नुपर्ने हुन्छ । केही समय पहिले थाइल्यान्डका प्रधानमन्त्रीले आफ्ना समकक्षीलाई 'काका' भनी सम्बोधन गर्दा प्रधानमन्त्री पद नै त्याग्नुपरेको थियो । राजनीतिबाट 'स्वतन्त्र' सेलिब्रेटी राष्ट्रपति जेलेन्स्की निर्वाचित हुँदाको परिणाम आज युक्रेनले भोग्दै छ । सन्की अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पुनः निर्वाचित हुँदा विश्वले धेरै किसिमको क्षति आर्थिक व्ययभार बोक्नुपरेको पनि सर्वविदित्तै छ ।

देश भ्रष्टाचार र विचौलियाबाट मुक्त, सुशासन र आर्थिक व्ययभार घटाउने नाममा रास्वपाले पारित गरेको प्रदेशसभा खारेजी, स्थानीय तहको सङ्ख्या घटाउने आदि राजनीतिक प्रस्तावले देश फेरि पनि अर्को द्वन्द्वतिर धकेलिने स्थितितर्फ जान र देशी तथा विदेशी जनविरोधी शक्तिहरूको क्रिडास्थल बन्नबाट रोक्न समयमै यसबारेमा पुनः विचार गर्दा राम्रो हुने विज्ञहरूको सल्लाह छ ।

सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।




➢ विद्युत/टी.भी./मोबाइल रिचार्ज/इन्टरनेट/टेलिफोनलगायतका महसुलको मोबाइल भुक्तानी सेवा ।
➢सदस्यहरूबिच हरेक पटक रु.१,००,०००।-का दरले दैनिक ३ पटकसम्म रकमान्तरको सुविधा ।
➢रु.१,०००।- देखिको कारोबारमा **SMS** सुविधा ।
➢**E–Sewa** र **Khalti Digital Wallet** बाट सहकारीको खातामा रकम जम्मा गर्न सकिने ।
➢घरमै बसी **Fund Transfer** मार्फत आफ्नो परिवारको नियमित/बाल/स्वास्थ्य/समृद्धि बचत खातामा रकम बचत गर्न सकिने ।
➢आफ्नो खातामा रहेको रकम मौज्दात र सोको सङ्क्षिप्त विवरण प्राप्त गर्न सकिने ।
➢**E-Sewa, Khalti Digital Wallet** तथा **Fone Pay App** को सुविधा ।
➢**Finger Print Login** को सुविधा ।
➢**Inter bank Transfer** बाट आफ्नो **ऐच्छिक खाता**मा रहेको रकम बैङ्क खातामा रकमान्तरण गर्न सकिने ।

SMART QR
ACTIVATE NOW

मुख्य फाइदा
सजिलै आफ्नो बैङ्क खातामा रहेको रकम सिद्धि गणेश ऐच्छिक खातामा रकमान्तरण गर्नुहोस्

बैंक खाता → सिद्धि गणेश ऐच्छिक खाता

संस्थाको Siddhi Ganesh Smart Banking App मा Smart QR सुविधा सञ्चालनमा आएको हुँदा उक्त सेवा प्रयोग गर्न इच्छुक सदस्यहरूले आफ्नो Smart Banking App मा KYC Update का साथै आवश्यक प्रक्रिया पूरा गरी Smart QR सक्रिय गर्नुहुन सूचित गराइन्छ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक ६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

# असार १५ : जुजु धौको माग उच्च

- रमेश गिरी

भक्तपुर, १५ असार । सोमबार असार १५, नेपाली संस्कृति र परम्पराअनुसार सोमबारको दिन घरघरमा दही चिउरा खाने प्रचलन छ । नेपाल कृषि प्रधान मुलुक भएकाले असार १५ को समेत आफ्नै महत्त्व छ । यो दिन अधिकांश नेपालीले दही चिउरा खाने गर्छन् । स्वदेश र विदेशमा समेत चर्चामा रहेको भक्तपुरको दहीको राजा (जुजु धौ) को नाम लोकप्रियता अहिले पनि छ ।

भक्तपुरका दही व्यवसायीलाई असार १५ का दिन जुजु धौ बनाएर बिक्री गर्न भ्याइनभ्याई छ । बिहानैदेखि जुजु धौ पसलमा उपभोक्ताको भीड छ । अरु बेला दिनको करिब २०० लिटर जुजु धौ बिक्री गर्ने व्यवसायीले सोमबार दुई हजार लिटर दही पनि मध्याह्नसम्म बिक्री गरिसकेका छन् ।

भक्तपुर जुजु धौ व्यवसायी सङ्घका अध्यक्ष कृष्णगोपाल सैंजुले सोमबार एकैदिनमा एक लाख लिटर दही भक्तपुरबाट बिक्री भएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "सोमबारको दिन हामी दही व्यवसायीलाई भ्याइनभ्याइ छ, सोमबार मध्याह्नसम्ममा अधिकांश पसलमा दही सकिसक्यो । माग धेरै छ, मेसिनमा उत्पादन गरेजस्तो होइन माटोको कतारोमा परम्परागत शैलीमा दही बनाउन गाह्रो हुन्छ, आज एक दिनमा कतारोका दही मात्रै ५० हजार लिटरभन्दा बढी बिक्री भएको छ ।"

भक्तपुरमा सङ्घमा आबद्ध जुजु धौ उत्पादन गर्ने ४९ व्यवसायी छन् । त्यसबाहेक सङ्घमा आबद्ध नभई दही उत्पादन गर्ने र खुला दही उत्पादन तथा बिक्री गर्ने व्यवसायीको सङ्ख्या त्योभन्दा बढी रहेको व्यवसायी बताउँछन् । कतारोको जुजु धौ र खुला दही गरी आज एकै दिनमा भक्तपुरबाट करिब एक लाख लिटरभन्दा बढी दही बिक्री हुने व्यवसायी बताउँछन् ।

दैनिक २५ हजार लिटर दूध जुजु धौ बनाउनकै लागि भक्तपुर आयात गर्ने गरेको बताउँदै सङ्घका अध्यक्ष सैजुले आजकै दिनका लागि दोब्बर दूध आयात गरिएको बताउनुहुन्छ । एक लिटरदेखि पाँच लिटरसम्म माटोको भाँडामा बनाउने दही आज प्रतिलिटर रु. २५० मा बिक्री भएको छ ।

उहाँ भन्नुहुन्छ, "दहीको माग अत्यधिक छ, हिजोदेखि नै बिक्री ह्वात्तै बढेको छ, तीन दिनदेखि दही बनाउन व्यस्त हामीले रातदिन दही बनाएर व्यवस्थापन गर्ने व्यस्त छौं, आज बिहानैदेखि पसल पसलमा दही लिन आउनेहरूको



सङ्ख्या धेरै छ, एक सातादेखि अर्डर भएको ठाउँमा पनि पुऱ्याउनै पर्यो, साँझसम्म दहीको माग हुन्छ, त्यसैले दही बनाउने काम पनि भइरहेको छ ।"

अर्का व्यवसायी रामसुन्दर सैजुले शुद्ध दूधको अभाव र पर्याप्त पाउन छाडेपछि माग अनुसारको दही बनाउन नसकिएको उहाँ बताउनुहुन्छ । उपत्यकाका विभिन्न ठाउँबाट दहीको 'अर्डर' भएको भन्दै उहाँले आजको दिन विशेषगरी दही व्यवसायीलाई भ्याइनभ्याई नै हुने बताउनुहुन्छ ।

भक्तपुरको जुजु धौको नाम सुन्दैमा कतिपयको मुख रसाउने गर्छ । भक्तपुरमा राम्रो दही पाइन्छ भनेर उपत्यकाका विभिन्न ठाउँबाट भक्तपुर दही लिन आउने पनि धेरै हुन्छन् । तुलनात्मकरूपमा माटोको भाँडो अर्थात् कतारो, भिउँट र कपमा बनाइने दही स्वादिलो हुने गर्छ ।

दूधलाई दाउराको चुलोमा भकभकी उमालेर बाक्लो बनाएर पछि त्यसमा चिनी, मसला हालेर माटोको भाँडोलाई भुसमाथि राखेर त्यसमा दहीको बीउ र उम्लिएको दूध हालेर माथिबाट माटोकै भाँडो र जुटको बोराले छोपेपछि करिब तीन घण्टामै दही तयार हुने गर्दछ ।

परम्परागत प्रक्रियाबाट उत्पादन हुने दहीको माग उच्च रहेको बताउँदै व्यवसायी सैंजूले आफूहरूले परम्परालाई शैलीलाई नछाडे पनि धेरैले आधुनिक प्रविधिमा दही बनाउँदा जुजु धौको गुणस्तर घट्दै गएकामा उहाँ चिन्ता व्यक्त गर्नुहुन्छ ।

जुजु धौ भन्दैमा हुँदैन यो पनि धेरै प्रकारका हुन्छन्, सामान्य दही, मसलादार दही, खुवा हालेको दहीलगायत फरक फरक दहीको मूल्य पनि फरकफरक पर्ने गरेको छ । अहिलेका कैयौँ व्यवसायीले भने जुजु धौकै नाममा मेसिनमा दही जमाएर बिक्री गर्ने गर्दा जुजु धौको गुणस्तर र महत्त्व घट्दै गएको सुकुलढोकामा पुस्तौंदेखि जुजु धौ बनाउँदै आउनुभएको राम सैजु बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "जुजु धौलाई चक्कुले टुक्राटुक्रा पारेर काट्न सकिन्छ, त्यसबाट पानी आउँदैन, दहीको कतारोलाई घोप्ट्याउँदा पनि दही हल्लिने र पोखिने हुँदैन तर अचेल बजारमा पाइने कतारो सामान्य हल्लियो भने पनि दहीबाट पानी आउने एवं स्वाद नै नहुने, 'फ्रिज' मा दही जमाउने र प्लास्टिकका भाँडोमा बनाएको दहीको स्वाद र गुणस्तर हुँदैन ।"

परम्परागत शैलीलाई बिर्सिएर अहिले मानिसले आधुनिक शैलीमा डेरी तथा पाउडर दूधलाई 'फ्रिजिङ' गरेर जमाएको दहीलाई समेत जुजु धौ नाम दिएकाले दहीको गुणस्तरमा ह्रास आएको व्यवसायीको गुनासो छ ।

संस्कृतिकर्मी प्रकाशचन्द्र अमात्यले दहीको राजा अर्थात् उत्कृष्ट दही भएकाले मल्लकालमा राजाले समेत यहाँको दही खाने भएकाले भक्तपुरको दहीलाई जुजु धौ भनिएको बताउनुभयो ।

भक्तपुरका व्यवसायीले ताप सन्तुलन, मौलिक भिउँट र उच्च गुणस्तरयुक्त दूधको प्रयोग गरेर जुजु धौ बनाउने गरेकाले भक्तपुरको दहीलाई उत्कृष्ट दहीकारूपमा लिने गरेको उहाँको भनाइ छ । ***रासस***

# हिजबुल्लाहद्वारा इजरायलमाथि युद्धविराम उल्लङ्घनको आरोप

बेरुत, १५ असार (सिन्ह्वा) । हिजबुल्लाहले इजरायलले युद्धविराम सम्झौताको बारम्बार उल्लङ्घन गरेको आरोप लगाउँदै त्यस्ता गतिविधिको निरन्तर निगरानी भइरहेको र लेबनान तथा आफ्ना नागरिकको रक्षा गर्ने अधिकार सुरक्षित रहेको जनाएको छ ।

सोमबार जारी विज्ञप्तिमा हिजबुल्लाहले दक्षिणी नाबातीह र मेफादुन क्षेत्रमा रहेका आवासीय भवनमा इजरायली हवाई आक्रमण भएको तथा फ्रोन गाउँमा ड्रोन आक्रमण गरिएको दाबी गरेको छ ।

विज्ञप्तिअनुसार इजरायली सेनाले तैयबेह, हद्दाथा र मजदल जुन क्षेत्रमा आवासीय भवन भत्काएको, बुर्ज कलाउइयेह र बाराचितमा नागरिक नजिक स्टन ग्रेनेड खसालेको तथा नाबातीह अल-फौका र कफर तेब्नित गाउँमा शङ्कास्पद वस्तु छोडेको आरोप पनि लगाइएको छ ।

लेबनानको सरकारी राष्ट्रिय समाचार एजेन्सीका अनुसार आइतबार इजरायली युद्धक विमानले नाबातीह र मेफादुन क्षेत्रमा हवाई आक्रमण गरेका थिए । साथै इजरायली सेनाले मजदल जुन क्षेत्रमा सुरुङ विस्फोट गराएको र सीमावर्ती सहर खियाममा भारी मेसिनगन प्रहार गरेको पनि जनाइएको छ ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बुर्ज कलाउइयेह क्षेत्रमा इजरायली स्टन ग्रेनेड खस्दा दुई जना सर्वसाधारण घाइते भएका छन् ।

***जाँचबुझ...***

तोडफोड तथा आगजनी गर्ने र प्रहरीले फायरिङ गर्ने क्रम चलिरहेको थियो । सोही क्रममा उमेश महत दाहिनेतर्फ छातीमा गोली लागेर ढले । उनलाई तत्कालै स्कुटरमा राखेर बानेश्वरको फ्रन्टलाइन अस्पताल लग्यौँ । उपचारको क्रममा लगभग ४/५ बजेतिर चिकित्सकहरूले मृत घोषणा गरे । २४ गतेको तोडफोड आगजनीजस्ता विध्वंसात्मक कार्यमा अन्य कुनै समूहले घुसपैठ गरेको शङ्का लाग्छ ।

**प्रत्यक्षदर्शी आयुष भट्टराईको कागज व्यहोरा**

२०८२ भदौ २३ गते बानेश्वर चोकमा माइतीघर, तीनकुने, पुरानो बानेश्वर, शङ्खमूललगायतका स्थानबाट आएका प्रदर्शनकारीको भिड जम्मा हुँदै थियो । प्रहरीले अगाडि जान नदिएपछि भिडले प्रहरीमाथि ढुङ्गामुढा गऱ्यो । प्रदर्शनकारीहरूले प्रहरीले फालेको अश्रुग्यासलाई हातले टिपेर प्रहरीतर्फ नै फाल्दै गरेको देखेको हुँ । सुरक्षाकर्मीहरूले अश्रुग्यास प्रहार गर्दा पनि भिड नहटेपश्चात् सुरक्षाकर्मीहरूबाट गोली फायर भएको हो ।

एभरेस्ट होटल अगाडिको आकाशे पुलनिर उभिएर प्रदर्शन हेरिरहेका एक व्यक्तिलाई छातीमा गोली लागेर पुलनिर छटपटाउन थालेको मैले प्रत्यक्ष देखेको हुँ । त्यसपछि म सो स्थानबाट भागेर पसलतर्फ हिँडेको हुँ । भदौ २४ गतेको घटनामा विभिन्न आपराधिक समूहले घुसपैठ गरी सरकारी, निजी भौतिक सम्पत्तिहरूमा तोडफोड, आगजनी र लुटपाट गरेको हुनुपर्दछ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा